

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ •अंक २७६ • २०८० साल फाल्गुन २० गते आइतबार (3 March, Sunday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## लोसपाले सार्‍यो केन्द्रीय समितिको बैठक

टुडे समाचारदाता

काठमाण्डु । लोकतान्त्रिक समाजवादी पार्टी नेपालले केन्द्रीय समितिको बैठक सारेको छ । महोत्तरीको बर्दिबासमा बस्ने गरी फागुन २७ गतेदेखि २९ गतेसम्मका लागि तय गरिएको बैठक फागुन ३० गतेदेखि चैत २ गतेसम्मका लागि सारिएको लोसपाका केन्द्रीय सचिव मनिष मिश्रले जानकारी दिएका छन् ।

फागुनमा विवाहका लगनहरू भएकाले कारण यो बैठक सारिएको उनले बताए । लोसपाबाट सो पार्टीका वरिष्ठ नेता राजेन्द्र महतोलगायतका नेताहरू अलग भइसकेपछि बस्न लागेको यो पहिलो बैठक हो ।

यसअघि मङ्सिर २४ गते केन्द्रीय समितिको बैठक बसेको थियो । सो बैठक राजेन्द्र महतोले बहिष्कार गरेका थिए । केन्द्रीय समिति तथा पदाधिकारी चयनलाई संशोधन नगरेको कारण देखाउँदै उनले बैठक बहिष्कार गरेका थिए ।

बैठक बहिष्कार गरेपछि लोसपाका अध्यक्ष महन्थ



ठाकुरसँग उनको दुरी बढ्दै गयो । अन्ततः महतोले लोसपा

> यसअघि मङ्सिर २४ गते केन्द्रीय समितिको बैठक बसेको थियो । सो बैठक राजेन्द्र महतोले बहिष्कार गरेका थिए ।

नै छाडेका छन् । महतोले लोसपा छाडेपछि बस्न लागेको यो बैठकले के निर्णय लिन्छ सबैको प्रतीक्षाको विषय बनेको छ ।

पार्टीलाई सुदृढीकरण गर्दै संगठन विस्तारको कामलाई तीव्रता दिने उद्देश्यले यो बैठक बोलाएको सचिव मिश्रले बताए । पार्टीको संगठन सुदृढीकरणका लागि लोसपाले विभिन्न कार्यदल बनाएको थियो ।

ती कार्यदलले आफ्ना प्रतिवेदन पनि तयार गरिसकेका छन् । ती प्रतिवेदनको बारेमा पनि केन्द्रीय समितिको बैठकमा छलफल हुने बताइएको छ । स्रोतका अनुसार केन्द्रीय समिति तथा पदाधिकारी हेरफेर गर्ने तयारी पनि भइरहेको बताइएको छ ।

### सीमावर्ती क्षेत्रमा तस्करी फुस्टायो

## नेपालबाट गाँजा र रक्सी, भारतवाट लागू औषध निर्वाध ओसार पसार

टुडे समाचारदाता

जनकपुरधाम । तराई मधेश जोड्ने सीमावर्ती क्षेत्रमा तस्करी फुस्टयाउँदै गएको छ । भारतको विहारमा रक्सी पूर्ण रुपमा बन्देज गरिएपछि नेपालवाट दिनहुँ जसो रक्सी र गाँजा निर्यात हुने गरेको छ भने भारतवाट लागू औषध ओसार पसार गर्ने क्रम बढ्दै गएको छ ।

भारत र नेपालको सीमा जोडिने नाकाहरु मध्ये सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्साका विभिन्न नाका भएर दिनहुं मदिरा र गाँजा र भारतबाट लागू औषध विभिन्न नाका हुँदै ओसार पसार हुँदै आएको छ । लागू औषधमा धनुषा लगायत अन्य जिल्लाका अधिकारीहरुले कडाइ गरे पनि ओसार पसार गर्ने क्रम भने रोकिएको छैन् ।

मदिरा र गाँजा प्रहरीकै मिलेमतोमा भारत पठाउने गरिएको छ । विभिन्न नाकाहरुबाट रातिको समयमा प्रहरीकै मिलेमतोमा बोर्डर क्रस गराइने गरेको छ भने भारत तर्फ एसएसवीको सहयोगमा मदिरा र गाँजा



ओसार पसार हुने गरेको छ ।

लागू औषध ओसार पसारलाई नेपाल प्रहरीले भने कडाइ गरेको भए पनि रक्सी र गाँजा भने रोक लगाउन सकेको छैन् । शनिवार मात्रै महोत्तरी प्रहरीले नेपाल-भारत सीमावर्ती क्षेत्रबाट लागूऔषध ल्याउँदै गरेको अवस्थामा तीनजनालाई पक्राउ गरेको छ ।

जिल्लाको सदरमुकाम जलेश्वरबाट पिपरा तर्फ जाँदै गरेको अवस्थामा प्रहरीलाई शंका लागेपछि सवार रहेको अटो रिक्सालाई खानतलासी गर्दा तीनजनासहित भारतबाट ल्याएको लागूऔषधसमेत नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

पक्राउ पर्नेहरुमा महोत्तरीको पिपरा गाउँपालिका- २ का ३६ वर्षीय मो. सिकिन्द्र हुसेन, मटिहानी नगरपालिका- ९ स्थित सिमरदहीका २० वर्षीय गुड्डु साफी र भारत बिहार राज्य जिल्ला सितामढी ग्राम सोनवर्षा ८ का २० वर्षीय सुबोध राउत रहेको प्रहरी नायब उपरीक्षक दिलीप कुमार गिरीले जानकारी दिए ।

ज १ ह ३९४५ नं. को तीन पांग्रे अटो रिक्सालाई शंकाको आधारमा चेकजाँच गर्दा ती आरोपिहरु पक्राउ परेका छन् ।

पिपरा गाउँपालिकास्थित चोकमा इलाका प्रहरी कार्यालय सहोड्वाबाट खटिएको प्रहरी टोलीले चेक जाचँ गर्ने क्रममा आरोपिहरुको साथमा रहेको निलोकालो रंगको झोलाबाट नेपालमा प्रतिवन्धित अवैध लागूऔषध प्रोमेथोजिन हाइड्रोक्लोरेड इन्जिेक्सन आइपी लेखिएको ४९६ पिस र २ वटा प्लास्टिकको पोकामा रहेको बुप्रेनोर्फिन इन्जिेक्सन आइपी ४९९ पिस र डाइजेपाम इन्जिेक्सन आइपी ४९२ पिस गरी कुल १४८७ पिस लागूऔषध इन्जिेक्सनको भाइल र तीन थान मोबाइल बरामद गरी नियन्त्रणमा लिएको उनले बताए ।

प्रहरी नायब उपरीक्षक गिरीले महोत्तरी जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी थप अनुसन्धानको लागि हिरासतमा राखिएको बताए ।






# महिला हक्कीमा सुदूरपश्चिम तेस्रो




**टुडे समाचारदाता**

जनकपुरधाम । सुदूरपश्चिम प्रदेश प्रथम मदन भण्डारी कप राष्ट्रिय महिला हक्की प्रतियोगितामा शनिबार तेस्रो भएको छ । मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा धनुषाको महेन्द्रनगरमाभइरहेकोप्रतियोगितामा सुदूरपश्चिमले लुम्बिनी प्रदेशलाई ५-० गोलले हरायो ।

सुदूरपश्चिमकी बुलबुल कुमारीले ह्याट्रिक गरे । गङ्गा भाटले दुई गोल थपे । सुदूरपश्चिमकी आशिका एसके 'प्लेयर अफ दि म्याच' घोषित भए । सुदूरपश्चिमले ५० हजार रुपैयाँ पुरस्कार पाए ।

प्रतियोगिताको फाइनल आइतबार हुनेछ । नेपाल आर्मी र आयोजक एकेडेमीले फाइनलमा स्थान सुरक्षित गरेका छन् । विजेताले एक लाख ५० हजार र उपविजेताले एक लाख रुपैयाँ पुरस्कार पाउनेछन् । प्रतियोगितामा कर्णाली बाहेक ६ प्रदेश, आर्मी र आयोजक एकेडेमी गरी आठ टिम सहभागी थिए ।

# पत्रकारिकताको मर्म र धर्मले पेसाप्रतिको मर्यादा कायम रहनेः मन्त्री

**टुडे समाचारदाता**

जनकपुरधाम । समाजवादी प्रेस संगठन धनुषाको प्रथम साधारण सभा सम्पन्न भएको छ ।

जनकपुरधाममा शनिबार भएको सधारणसभामा बोल्दै मधेश प्रदेशका भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोविन्द बहादुर न्यौपानेले पत्रकारिकताको मर्म र धर्म दुवै समाजवादको दिशातर्फ अग्रसर हुने बताएका छन् ।




उनले पत्रकारहरुलाई समाजवादको सिद्धान्तबाट अगाडि बढनु पर्नेमा जोड दिए ।

भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री न्यौपानेले पत्रकारिताको वृद्धि विकासका लागि पत्रकारहरुले सकारात्मक काम गर्नुपर्ने बताए

उनले पुजीवादलाई समाजवादसँग समन्वय गरेर सकारात्मक विचारलाई संरक्षण गर्नुपर्ने बताए ।

चटपटे समाचारले पत्रकारिकता माथि प्रश्न खडा हुने गरेकाले यसप्रति जिम्मेवार बन्न समेत पत्रकारहरुसँग भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री न्यौपानेले आग्रह गरे ।

समाजवादी प्रेस संगठन नेपाल धनुषाका अध्यक्ष अकुल प्रसाद साहको अध्यक्षतामा भएको प्रथम साधारण सभामा संगठनका अध्यक्ष विष्णु प्रसाद सुवेदी, संगठनका मधेश प्रदेश अध्यक्ष प्रवीण साहलगायतकाले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

# सरकार समाजवादको आधार तयार पार्न क्रियाशील छः प्रधानमन्त्री



**टुडे समाचारदाता**

दाङ । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफू नेतृत्वको वर्तमान सरकार समाजवादको आधार तयार पार्न क्रियाशील रहेको बताएका छन् ।

शनिबार दिउँसो दाङको देउखुरीमा आयोजित अगुवा पार्टी कार्यकर्ता प्रशिक्षण कार्यक्रममा बोल्दै प्रधानमन्त्री समेत रहेका अध्यक्ष प्रचण्डले सुशासन, सामाजिक न्याय र समृद्धिको जगमा समाजवादको आधार तयार पार्नुपर्नेमा जोड दिए ।

अध्यक्ष प्रचण्डले, "मैले सरकारको नेतृत्व गरेदेखि नै समाजवादको आधार तयार पार्न सुशासन, समाजिक न्याय र समृद्धिमा जोड दिएको छु । प्रतिकूल परिस्थितिका बाबजुद पनि सरकारले समाजवादको आधार तयार पार्न प्रयास गरिरहेको छ । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट उत्पादन र रोजगारीमा केन्द्रित गरिने छ । त्यसले देशमा नयाँ वातावरण बनाउनेछ ।"

प्रशिक्षणमा माओवादी केन्द्रका सचिव एवं पूर्वशिक्षामन्त्री देवेन्द्र पौडेल, स्थायी समिति सदस्य एवं नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मा, स्थायी समिति सदस्य जोखबहादुर महरालगायतका नेता उपस्थित थिए ।

# भिजिट जनकपुरधाम अभियान टोली अयोध्या तर्फ प्रस्थान

**टुडे समाचारदाता**

जनकपुरधाम । पौराणिक धार्मिक ऐतिहासिक सांस्कृतिक नगरी जनकपुरधाम ओझेलमा परेकाले यसको प्रचारप्रसारको आवश्यक रहेको भन्दै स्थानीय व्यवसायसहितकाहरुलेजनकपुरधामलाई भारतको अयोध्यासँग जोड्नका लागि भिजिट जनकपुरधाम २०२४ अभियान विधिवतरुपमा सुरु गरिएको छ ।



जनकपुरधामलाई भ्रमण वर्षको रुपमा मनाउनका लागि जानकी मन्दिर प्रांगणबाट 'भिजिट जनकपुरधाम २०२४' अभियान सुरु गरेको छ ।

जनकपुरधाम-अयोध्या धार्मिक नगरीसँगै एकअर्काको पुरकको रुपमा समेत रहेकाले रामायण सर्किट अन्तर्गत यसको विशेष महत्व रहेकाले धार्मिक पर्यटनीय नगरीको रुपमा समेत जोड्नुपर्ने आवश्यकता रहेको मधेश प्रदेशका उद्योग वाणिज्य तथा पर्यटन मन्त्री सुनिता यादवले बताइन् ।

भिजिट जनकपुरधाम २०२४ अभियानमा रहेकाहरुलाई शनिबार जानकी मन्दिरको प्रांगणबाट विदाई गर्दै उद्योग वाणिज्य तथा पर्यटनमन्त्री यादवले धार्मिक पर्यटनीय नगरीलाई जोड्नका लागि भिजिट जनकपुरधाम २०२४ ले विशेष माध्यम समेत रहेको बताए ।

उनले माता सीताको जन्मभूमि जनकपुरधाम, अयोध्या भगवान रामको जन्मभूमि रहेको भन्दै उद्योग वाणिज्य तथा पर्यटन मन्त्री यादवले सीता र रामको विवाहदेखि विवाह हुनु अघि रामले तोडेको धनुषको टुक्रालगायतका धार्मिक महत्वका विभिन्न स्थलसमेत रहेकाले यसको प्रचारप्रसारसँगै जनकपुरधाम-अयोध्याको भ्रमणले नै धार्मिक भ्रमण पूर्णरुपेण सफलता मिल्ने हुनाले यसको प्रचारप्रसारमा निस्किएका भिजिट जनकपुरधामको टिमलाई विदाई गर्दै शुभकामना समेत दिइन् ।

अयोध्यामा राम मन्दिरको प्राणप्रतिष्ठापछि जनपुरधाममा भारतीय धार्मिक पर्यटकहरुको संख्यामा वृद्धि हुने उनले विश्वास व्यक्त गरिन् ।

पर्यटन पर्वधनको निम्ति नेपाल होटेल ब्यसाय संघको नेतृत्वमा ६० जनाको टोली भारतको अयोध्या तर्फ प्रस्थान गरेका छन् ।

जनकपुरधामको पर्यटन प्रवर्द्धनका लागि भिजिट जनकपुरधाम २०२४ अभियानल फलदायी हुने अनुमान गरिएको छ । यस भ्रमण वर्षलाई सफल बनाउन न्यू भिजन नेपाल, नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल्स एजेन्ट, विश्व हिन्दु परिषद् नेपाललगायतहरु लागिपरेका छन् । भिजिट जनकपुर २०२४ ले प्रेस सल्लाहकारमा नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य रिंकु मिश्र 'गायत्री' र नेपाल पत्रकार महासंघ, मधेश प्रदेश समितिका उपाध्यक्ष ज्योति झालाई मनोनयन गरेको संयोजक साहले जनाएका छन् ।

# नैतिकवान् जनशक्ति उत्पादनमा विश्वविद्यालय क्रियाशील रहेको शिक्षा मन्त्रीको भनाई

**टुडे समाचारदाता**

लुम्बिनी । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवं लुम्बिनी बौद्ध विश्वविद्यालयका सहकुलपति अशोककुमार राईले बौद्ध विश्वविद्यालय एउटा विशिष्टीकृत विश्वविद्यालय भएकाले यसको आफ्नै महत्व रहेको बताएका छन् ।

उक्त विश्वविद्यालयका कुलपति प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'को अध्यक्षतमा शनिबार लुम्बिनीमा भएको लुम्बिनी बौद्ध विश्वविद्यालयको १५औँ सभा बैठकलाई सम्बोधन गर्दै शिक्षामन्त्री राईले यो विश्वविद्यालय मुलुकको मात्रै नभई अन्तर्राष्ट्रिय चासो र सरोकारको विश्वविद्यालय हो भने । यसले विश्वसमुदायलाई शान्तिको सन्देशसहितको बौद्ध शिक्षा फैलाउने र मुलुकका लागि दक्ष, सीपयुक्त र नैतिकवान् जनशक्ति उत्पादनमा निरन्तर काम गर्दै आएको बताए ।




शिक्षामन्त्रीले नेपालमा अनेकौँ पुरातात्विक क्षेत्र रहेका र त्यसको उत्खननका लागि आफ्नै मुलुकका जनशक्ति प्रयोग अपरिहार्य भएको बताए । उनले कपिलवस्तुको तिलौराकोट क्षेत्र, नवलपरासीको रामग्राम क्षेत्रलगायत लुम्बिनीकै पनि अझै धेरै बौद्ध पुरातात्विक क्षेत्रको उत्खननमा लुम्बिनी बौद्ध विश्वविद्यालयका जनशक्ति प्रयोग गर्ने गरी मन्त्रालय, लुम्बिनी विकास कोष, पुरातत्व विभागले योजना बनाउनुपर्ने बताउँदै यसबाट विश्वविद्यालयमा विद्यार्थीको आकर्षण हुनुका साथै पुरातात्विक वस्तुको उत्खननमा छोटो समयमा ठूलो उपलब्धि हासिल हुने र मुलुकले दक्ष जनशक्ति प्राप्त गर्ने बताए ।

मन्त्री राईले बुद्धको जन्मस्थल लुम्बिनीलाई केन्द्रमा राखेर विश्वविद्यालयलाई बौद्ध शिक्षा, साहित्य, कला, इतिहासको अध्ययनअध्यापन तथा अनुसन्धान गर्ने अन्तर्राष्ट्रिय प्राज्ञिक केन्द्र बनाउने ध्येयलाई भुल्न नहुनेमा जोड दिनुभयो । बौद्ध शिक्षामार्फत राष्ट्रिय शिक्षा विकासमा योगदान पुऱ्याउन योजनाबद्ध ढङ्गबाट अगाडि बढ्नुपर्ने आवश्यकता देखिएको उनले बताए ।

यसअघि प्रधानमन्त्री दाहालले लुम्बिनी विकास कोष परिसरभित्र निर्माण भएको केन्द्रीय कार्यालय भवनको उद्घाटन गरे । करिब रु २२ करोड लागतमा बनेको भवनमा उपकुलपति कार्यालय, रजिष्ट्रार कार्यालय, अनुसन्धान केन्द्र, अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्रको कार्यालय रहनेछ ।

# खुला सीमामा मानव बेचबिखन रोकथामको चुनौती

**टुडे समाचारदाता**

काठमाण्डु । मानव बेचबिखनमा परेका २५ महिला तथा बालबालिकाको भारतबाट उद्धार गरिएको छ । माइती नेपाल कञ्चनपुरले एक वर्षको अवधिमा भारतका विभिन्न ठाउँबाट बेचबिखनमा परेका २५ जनाको उद्धार गरेको हो ।

भारतको पुनाबाट छ, मुम्बई र हिमाञ्चलबाट चार/चार, साङ्ली र दिल्लीबाट तीन/तीन, पञ्जाव र पिथौरागढबाट दुई/दुई तथा गुजरातबाट एक गरेर एक वर्षको अवधिमा २५ महिला तथा बालबालिकाको उद्धार गरिएको माइती नेपाल कञ्चनपुर संयोजक महेश्वरी भट्टले जानकारी दिईन् । उनका अनुसार विभिन्न प्रलोभनमा पारेर खुला सीमाको फाइदा उठाएर दलालले नेपाली चेलीलाई भारत लैजाने गरेका छन् । मानव बेचबिखन रोकथाम तथा नियन्त्रणमा खुला सीमा चुनौती बनिरहेको उनको भनाइ छ । "खुला सीमा प्रमुख चुनौतीका रुपमा छ, गरिब, बेरोजगार महिला तथा बालबालिकालाई विभिन्न प्रलोभनमा पारेर दलाल नाका कटाउने गरेका छन्", उनले भने, "पछिल्लो समय सामाजिक सञ्जालको दुरुपयोगले पनि दलालको चङ्गुलमा परिरहेका घटना आइरहेका छन् ।"

माइती नेपालले नाका निगरानीका साथै उद्धार तथा समुदायस्तरमा जनचेतनामूलक कार्यक्रम आयोजना गरिरहेको उनले जानकारी दिए । एक वर्षको अवधिमा बेचबिखनको जोखिममा रहेका एक सय १८ जनालाई सीमा क्षेत्रबाट उद्धार गरिएको छ । माइती नेपालले बेचबिखनमा परेका अथवा त्यसको जोखिममा रहेका महिला तथा बालबालिकाको उद्धार गरेर मनोसामाजिक परामर्श प्रदान गर्नुका साथै पारिवारिक पुनर्मिलन गराउने गरेको छ । "आफ्नो खुट्टामा उभिनसक्ने बनाउन सीपमूलक तालिम पनि दिने गरेका छौँ, झुठो प्रमाण पेस गरेर पनि कतिपयलाई नाका कटाएको पाइएको छ", उनले भने, "मानव बेचबिखन जस्तो जघन्य अपराध रोक्न सरोकारवाला सबैले ध्यान दिनुपर्छ ।"

माइती नेपालले एक वर्षको अवधिमा एक सय ५२ जनालाई मनोसामाजिक परामर्श प्रदान गरेको छ । एक सय २७ जनाको पारिवारिक पुनर्मिलन गराइएको छ । माइती नेपालमा एक वर्षको अवधिमा खोजतलासका लागि एक सय ७१ निवेदन दर्ता भएका थिए । सोमध्ये ४९ जना भेटिएका छन् । घरेलु हिंसाका ३२ निवेदन दर्ता भएकामा तीमध्ये १९ निवेदनउपर कारबाही भएको माइती नेपालका संयोजक भट्टले बताए । माइती नेपालले एक वर्षको अवधिमा मानव बेचबिखनविरुद्ध तीन मुद्दा प्रहरीमा दर्ता गराएको छ । मानव बेचबिखन रोकथामका लागि सीमावर्ती क्षेत्रमा सचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेको उनले बताए ।

# नेपालमा विकासको अभियान प्रारम्भ : अर्थमन्त्री

**टुडे समाचारदाता**

त्रिशूली । अर्थमन्त्री डा प्रकाशशरण महतले नेपालमा विकासको अभियान सुरु भएको बताएका छन् । नुवाकोटको बेलकोटगढी नगरपालिका-१ मा रहेको बेलकोट भञ्ज्याङ माविको स्वर्णजयन्तीलाई सम्बोधन गर्दै अर्थमन्त्री महतले देशमा विकासका गतिविधि चलायमान हुँदै मुलुक समृद्धितर्फ अघि बढ्न सुरु भएको बताए ।

विगतका वर्षमा देशको राजनीतिक अस्थिरता, द्वन्द्व, विनाशकारी भूकम्प, कोरोनाको सङ्क्रमणलगायत कारणले प्रभावित भएको अर्थतन्त्र गतिशील बन्दै गएको बताए । "नेपालमा अब विकासले क्रमशः गति लिएको छ । हामी उद्यमी-व्यवसायीको आत्मविश्वास जगाउनुपर्छ", अर्थमन्त्री महतले भने, "मूल्यवृद्धिको दर क्रमशः घट्ने क्रममा छ । शेयर बजार उकालो लाग्दैछ । पर्यटकको आगमन र राजस्व वृद्धिले देशमा सम्भावनाको अवसरलाई कार्यान्वयन गर्न सकिने आशा जगाएको छ ।"

देशको अर्थतन्त्र सुधारोन्मुख भएसँगै सरकारका अबका प्राथमिकता गुणस्तरीय शिक्षा र रोजगारको सिर्जनातर्फ केन्द्रित रहेका अर्थमन्त्रीले बताए । "आगामी वैशाखमा हुने अन्तर्राष्ट्रिय लगानी सम्मेलनमार्फत वैदेशिक लगानी भित्र्याउन प्रयास गरिनेछ । देश सकारात्मकतर्फ अघि बढेको छ । केही हुन्छ भन्ने भावनालाई जनताको बीचमा पुऱ्याउनुपर्छ । भ्रम र नकारात्मक टिप्पणी बन्द गर्नुपर्छ ।"बेलकोट भञ्ज्याङ माविको स्वर्णजयन्तीका अवसरमा अर्थमन्त्रीले विद्यालयका लागि आवश्यक भौतिक संरचनाको निर्माण, गाउँको विकासका लागि सडकसहितको पूर्वाधार विकासको प्रबन्ध मिलाउन पहल गर्ने प्रतिबद्धता जनाए ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु । |
| बृष | : पुरस्कार प्राप्त लाभ । |
| मिथुन | : नयाँ कार्य हुने । |
| कर्कट | : बौद्धिक क्षमता । |
| सिंह | : प्रतिभा सम्पन्नता । |
| कन्या | : शिक्षामा उन्नति । |
| तुला | : पारिवाहिक सुख । |
| वृश्चिक | : धन वृद्धि सञ्चय । |
| धनु | : प्रेम प्रसंग, मित्र सुख । |
| मकर | : सुख समृद्धि हुने । |
| कुम्भ | : भ्रमण अवसर हुने । |
| मीन | : अवसर प्राप्त । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




सर्वोच्च अदालतको आदेश अवज्ञा गर्दै ६ लेन सडक बिस्तार आयोजना कार्यालयले बिनामुआब्जा संरचना हटाउन खोजेको भन्दै सुनसरीको दुहबीका स्थानीयले शुक्रबार सुरु गरेको सत्याग्रहमा सहभागी स्थानीयवासी । *तस्विर : रासस*

# नेपालको बाह्य सम्बन्ध एक सय ८२ देशमा विस्तार

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालले टोङ्गा अधिराज्यसँग कूटनीतिक सम्बन्ध स्थापना गरेको छ । योसँगै नेपालको बाह्य सम्बन्ध एक सय ८२ देशमा विस्तार भएको छ ।



कूटनीतिक सम्बन्ध स्थापना गर्नेसम्बन्धी दस्तावेजमा संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापा र सोही विश्व संस्थाका निम्ति टोङ्गाका स्थायी प्रतिनिधि भिलिमी भ्याइङ्गा टोनेले हस्ताक्षर गरेका हुन् । नेपाल र टोङ्गाबीच कूटनीतिक सम्बन्ध स्थापना भएको जानकारी राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसलाई प्रदान गरिने पत्रमा पनि उहाँहरुले हस्ताक्षर गरेका छन् ।

न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगमा शनिबार बिहान आयोजित एक कार्यक्रममा दुवै देशका स्थायी प्रतिनिधिले उक्त दस्तावेजमा हस्ताक्षर गर्नुभएको उक्त नियोगले जनाएको छ । त्यस अवसरमा दुवै देशका राजदूतले पारस्परिक सहयोग, द्विपक्षीय सम्बन्ध विस्तारका साथै क्षेत्रीय एवं अन्तरराष्ट्रिय मञ्चहरुमा सहयोग एवं साझेदारी प्रवर्द्धन गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । टोङ्गाले १४ सेप्टेम्बर १९९९ मा संयुक्त राष्ट्रसङ्घको सदस्यता प्राप्त गरेको हो । नेपाल र टोङ्गा ग्रुप ७७ र चीनका सदस्य हुन् ।

# चिकित्सक संघको अगुवाईमा म्याराथन दौड



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल चिकित्सक संघ जनकपुर अञ्चल कमिटीको अगुवाईमा म्याराथन दौड गरिएको छ । नेपाल चिकित्सक दिवसको पूर्व सन्ध्यामा शनिबार म्याराथन दौड प्रतियोगिताको आयोजना गरिएको थियो ।

समाजका लागि चिकित्सक र चिकित्सकका लागि समाज मूल नाराका साथ मनाइदै ७४औं नेपाल चिकित्सक दिवसको अवसरमा आयोजित म्याराथन दौडमा चिकित्सक, नर्स लगायतका एक हजार बढी जनाको सहभागिता रहेको नेपाल चिकित्सक संघ जनकपुर अञ्चल कमिटीकाम महासचिव रामज्ञान यादवले बताए । स्वस्थ नागरिक निर्माणका लागि व्यायामा आवश्यक रहेको सन्देश दिनका लागि ७ किलोमिटरको बृहत म्याराथन दौड गरिएको यादवले बताए । फागुन २० गते आइतबार नेपाल चिकित्सक दिवसको अवसर पारेर मधेस प्रदेशको वर्तमान स्वास्थ्यको स्थिति र स्वास्थ्यको सूचकांक सुधारका लागि आगामी योजनाका विषयमा बृहत छलफल समेत गरिने उनले बताए । छलफलमा मधेसको स्वास्थ्य मन्त्रालयका सचिव, स्वास्थय निर्देशनालयका निर्देशक, आपूर्ती शाखाका निर्देशक लगायतको सहभागिता रह्ने छ ।

# अनुसन्धानमा प्रभाव पार्ने सामग्री सम्प्रेषण नगर्न प्रहरीको अनुरोध

**टुडे समाचारदाता**

काठमाण्डु । जिल्ला प्रहरी कार्यालयले चितवनले केही दिनअघि रत्ननगर नगरपालिका वडा नं १० मा रहेको एकता शिशु निकेतन बोर्डिङ स्कुलमा कक्षा ८ मा अध्ययनरत १४ वर्षीया छात्राको मृत्यु घटनाका सम्बन्धमा अनुसन्धान जारी रहेको भन्दै अनुसन्धानमा प्रभाव पार्ने कुनै पनि विषयवस्तु सम्प्रेषण नगर्न आग्रह गरेको छ ।

कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक श्रीराम भण्डारीले शनिबार एक विज्ञप्ति जारी गर्दै अनुसन्धानका वैज्ञानिक परीक्षण प्रतिवेदनहरू हालसम्म प्राप्त नभएको अवस्थामा अनुसन्धानमा प्रभाव पर्ने गरी कुनै पनि विषयवस्तु सम्प्रेषण नगरीदिन आग्रह गर्नुभएको हो । विज्ञप्तिमा घटनाबारे गम्भीररूपमा अनुसन्धान भइरहेको पनि उल्लेख छ ।

“विद्यालयको होस्टलका अन्य साथीसहित बस्ने कोठाको सिलिङ प८ मा डोरीको पासो लगाई झुण्डी छात्राको मृत्यु भएको घटनाबारे जानकारी प्राप्त हुनासाथ तत्काल वरिष्ठ प्रहरी अधिकृतको कमाण्डमा घटनास्थल विशेषज्ञसहितको अनुसन्धान टोली घटनास्थलमा खटी घटनास्थल र मृतक शवको सुक्ष्म अवलोकन गरी प्रारम्भिक चरणका अनुसन्धानका काम सम्पन्न गरी हाल सो घटनाको गम्भीररूपमा थप अनुसन्धान भइरहेको छ”, विज्ञप्तिमा भनिएको छ ।

बालबालिकाको मृत्युजस्तो संवेदनशील विषयलाई अत्यन्त गम्भीर्यताका साथ लिई प्रचलित कानुनले निर्दिष्ट गरेबमोजिम नेपाल प्रहरीले आफ्नो पेसागत मूल्य, मान्यता, दक्षता र विवेक प्रयोग गरी अनुसन्धान गरिरहेको प्रहरीको भनाइ छ । “घटनाबारे वैज्ञानिक प्रयोग तथा प्राविधिक विश्लेषणसमेतका आधारमा तथ्यपरक वस्तुनिष्ठ अनुसन्धान गरिने पीडित परिवार र सम्पूर्णमा विश्वास दिलाउँछौं”, प्रहरीले भनेको छ ।

प्रहरीले घटनाको तथ्यपरक वस्तुनिष्ठ अनुसन्धान जारी रहेको अवस्थामा यसै घटनालाई लिई विभिन्न सामाजिक सञ्जाल तथा सञ्चारमाध्यममा सम्प्रेषित विषयवस्तुप्रति यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएकोसमेत उल्लेख गरेको छ ।

# भगवान बचतको ११ औ साधारणसभा सम्पन्न



**टुडे समाचारदाता**

जनकपुरधाम । भगवान बचत तथा ऋण सहकारी संस्था लिमिटेडको ११औं साधारणसभा सम्पन्न भएको छ ।

संस्थाको अध्यक्ष सुजीतकुमार झाको अध्यक्षता एवं जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहको प्रमुख आतिथ्यमा भएको ११औं साधारणसभाको उदघाटन सत्रमा संस्थाको प्रतिवेदन एवं आर्थिक प्रतिवेदन प्रस्तुत गरिएको थियो । पछिल्लो समय सहकारी संस्थाहरुप्रति वितृष्णा बढीरहेको समयमा प्रमुख अतिथिको आसनबाट बोल्दै उपप्रमुख साहले सदस्य तथा ऋणीहरुको लगानी डुब्न नदिन तर्फ सचेत हुनु आवश्यक रहेको बताए । उनले संस्थाले गरिब तथा विपन्नहरुले परिश्रम गरेर जम्मा गरेको पूजीको संरक्षण गर्नुलाई आफ्नो दायित्व बनाई क्षेत्र विस्तार तर्फ केन्द्रित हुन सल्लाह दिए ।

संस्थाका कोषाध्यक्ष रामकृपाल साहले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । उनले संस्थामा ३ सय ६८ कुल सदस्य संख्यामा रहेकोमा १ सय ५१ जना ऋणी रहेको बताए । संस्थामा २ करोड २६ लाख ८६ हजार २२ रुपैयाँ बचत रहेकोमा १ करोड ९७ लाख २० हजार ४ सय १४ रुपैयाँ ऋण बजारमा लगानी गरिएको छ ।

साधारणसभामा भगवान बचत तथा ऋण सहकारी संस्था लिमिटेडको उपाध्यक्ष रामप्रकाश साह, सचिव विजयनारायण ठाकुर, सदस्य प्रमोद कुमार अग्रवाल लगायतको उपस्थिति रहेको थियो ।

# ‘युवालाई नेतृत्वदायी भूमिका प्रदान गर्न सरकार क्रियाशील’

**टुडे समाचारदाता**

काठमाण्डु । युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बूले युवालाई रोजगारी सिर्जना गरी उद्यमशीलता, क्षमता र नेतृत्व विकासमा सरकारले जोड दिइएको बताएका छन् ।



राष्ट्रिय युवा परिषद्को नवौं स्थापना दिवसको अवसरमा शनिबार शुभकामना सन्देश दिँदै उनले नवीन सोच र उद्यमशील युवालाई राज्यको समग्र क्षेत्रमा नेतृत्वदायी भूमिका प्रदान गर्न सरकार क्रियाशील रहेको बताए ।

“मुलुकको कूल जनसंख्याको ४२.५६ प्रतिशत हिस्सा युवाले ओगटेका छन् । युवालाई रोगजार सिर्जना गरी उद्यमशीलता, क्षमता र नेतृत्व विकासमा सरकारले जोड दिइरहेको छ”, मन्त्री लिम्बूले भने । युवाको सक्रिय सहभागितामा मुलुकको विकास र भविष्य निर्भर हुने भएकाले युवा सशक्तीकरणका लागि राष्ट्रिय युवा नीति अद्यावधिक गर्दै क्षमता विकास गरिने उनको भनाइ छ । मन्त्री लिम्बूले नवीन सोच, सुसंस्कृत, स्वरोजगार र आत्मनिर्भर युवा राष्ट्रनिर्माणको मेरुदण्ड भएको उल्लेख गर्दै सरकारले चालू आर्थिक वर्षलाई युवा उद्यमशीलता प्रवर्द्धन वर्षका रुपमा घोषणा गरेको जानकारी दिए ।

स्थापना दिवसका अवसरमा परिषद्का उपाध्यक्ष सुरेन्द्र बस्नेतले सन्देश दिँदै युवाको क्षमता, सीप, नेतृत्व र उद्यमशीलताको विकासमा जोड दिइएको बताए । समृद्ध राष्ट्र निर्माणका स्वस्थ, कर्मठ र उद्यमी युवा तयार गर्नु शनिबारको आवश्यकता रहेको उनको भनाइ छ । उपाध्यक्ष बस्नेतले युवाको सर्वाङ्गीण विकासका निमित्त नेपालको संविधान, दिगो विकासका लक्ष्य, विश्व मञ्चमा व्यक्त प्रतिबद्धता, योजना आयोगको प्रतिवेदन, राष्ट्रिय युवा नीति, युथ भिजन २०२५ र १० वर्षे रणनीतिक योजनाले निर्दिष्ट गरेका मार्गचित्रका आधारमा दृढतापूर्वक अघि बढ्नुपर्ने बताए ।

युवाको हकहित संरक्षण गरी उनीहरुलाई नीति निर्माणदेखि कार्यान्वयन तहसम्म संलग्न गराई राष्ट्रिय विकासको मूल प्रवाहमा समावेश गर्ने उद्देश्यले विसं २०७२ फागुन १९ गते परिषद्को स्थापना भएको थियो । अहिले सातवटै प्रदेश र जिल्ला तहमा परिषद् गठन गरिएको छ । स्थापना दिवसका अवसरमा शनिबार विभिन्न कार्यक्रमको आयोजना गरिएको छ ।

# प्रदेशका मन्त्री र सचिवको समन्वय बैठक सम्पन्न

**टुडे समाचारदाता**

काठमाण्डु । कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतमा तीन प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री र सचिवहरूबीचको समन्वय बैठकले प्रदेश प्रहरी समायोजनलगायतका विषयमा सातै प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री र नेपाल सरकारका गृहमन्त्रीबीच आगामी चैतको पहिलो हप्तामा बैठक बस्ने निर्णय गरेको छ ।

कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्णबहादुर जिसीको अध्यक्षतामा शनिबार सम्पन्न बैठकमा आन्तरिक मामिला तथा कानुन मन्त्रालय र गृह, सञ्चार र कानुन मन्त्रालयका मन्त्री तथा सचिवहरूबीच अन्तरप्रदेश अनुभव अदानप्रदान समेत गरिएको थियो ।

बैठकमा बागमती र सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्रीद्वय गङ्गानारायण श्रेष्ठ र शिवदत्त भट्टका साथै कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव धुव्र घिमिरे, सुदुरपश्चिम प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव सुशील वैद्य र मधेस प्रदेश सरकार गृह, सञ्चार तथा कानून मन्त्रालयका सचिव वीरेन्द्रकुमार यादवको उपस्थिति रहेको कर्णालइ प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सूचना अधिकारी रोशनबहादुर शाहीले जानकारी दिए ।

कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजनमन्त्री बेदराज सिंहले कर्णाली प्रदेश लगानीको सम्भाव्य क्षेत्र भएको बताएका छन् ।

कर्णाली प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय र आइसिटी फाउण्डेसन नेपालको सयुक्त आयोजनामा शुक्रबारदेखि सुर्खेतमा सञ्चालन भएको डिजिटल कर्णाली कन्क्लेभ (प्रविधि सम्मेलन)को शनिबार दोस्रो दिनको कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री सिंहले कर्णाली प्रदेश पानी, खानी र पर्यटनको प्रचुर सम्भावनाको प्रदेश भएको बताए ।

उनले यसप्रकारको महत्त्वपूर्ण कार्यक्रमको आयोजना गरेको भन्दै आन्तरिक मामिला मन्त्रालय तथा आइसिटी नेपालप्रति कृतज्ञता प्रकट गरे । “हामीसँग प्राकृतिक, धार्मिक र सांस्कृतिक महत्वका सम्पदाहरू छन् । रैथानेबाली, जडीबुटी र बहुमूल्य पत्थरसहित ती सबैको आवश्यक पहिचान गरी लगानीको वातावरण सिर्जना गर्नुपर्दछ । प्रदेश सरकार यसमा लागिरहेको छ”, उनले भने ।

सङ्घीयता आउनुपूर्व कर्णालीका धैरै ठाउँमा बाटो नभएको तर अहिले यहाँका करिब धैरै स्थानीय तहमा बाटो र बैंक पुगेको बताउँदै उनले अब कर्णालीले प्रविधि सम्मेलनको सहयोगबाट समयको बचत गरी विकास पूर्वाधार र प्रशासन सञ्चालन गर्नुपर्नेमा जोड दिए । राज्यले कर्णाली र भेरी करिडोरको शीघ्र विकास गरेको खण्डमा कर्णाली मुलुककै आकर्षक गन्तव्य बन्ने उनको भनाइ थियो ।

एउटै क्षेत्रबाट संसार देखाउन आइसिटीको ठूलो महत्व रहेको बताउँदै मन्त्री सिंहले भने, “प्रविधि सम्मेलनमा कर्णालीको तल्लो तहले पनि यसमा प्रतिनिधित्व गर्ने र सिक्ने अवसर पाएको छ । अब सम्मेलनले एउटा घोषणापत्र तयार गर्नेछ । जसलाई आधार बनाएर प्रदेश सरकारले सूचना प्रविधिसम्बन्धी नीति तथा ऐन बनाउने र दोस्रो पञ्चवर्षीय योजनामा यसलाई समावेश गर्नेछ ।”

उपलब्ध स्रोतहरूको भरपुर उपयोगले जलविद्युत्, वन, कृषि, पर्यटन उद्योग निर्माण गराउन सकिएमात्र कर्णालीलाई अशिक्षा, बेरोजगार, अभाव र गरिबमुक्त प्रदेश बनाउन सकिने उनको भनाइ थियो ।

# गठबन्धन पाँच वर्षसम्म टिक्छ : परराष्ट्रमन्त्री



**टुडे समाचारदाता**

भैरहवा । परराष्ट्रमन्त्री एवं नेपाली कांग्रेसका केन्द्रीय सदस्य एनपी साउदले यो गठबन्धन पाँच वर्षसम्म टिक्ने बताएका छन् ।

नेपाली कांग्रेस क्षेत्रीय कार्यसमिति, क्षेत्र नं ३ रुपन्देहीले शनिबार भैरहवामा आयोजना गरेको अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उनले प्रजातन्त्र रक्षाका लागि गठबन्धनको आवश्यकता औंल्याए ।

“जनताबाट अनुमोदित गठबन्धन भएकाले मन्त्रीको हेरफेर हुनसक्छ, उचित सहमतिका आधारमा प्रधानमन्त्रीको हेरफेर हुनसक्छ, तर गठबन्धन पाँच वर्षका लागि चलाउनुपर्छ”, मन्त्री साउदले भने, “प्रजातन्त्र रक्षाका लागि, पार्टी र राष्ट्रका लागि, राष्ट्रमा स्थिरताका लागि यो आवश्यक र उपयुक्त छ ।”

फरक प्रसङ्गमा मन्त्री साउदले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि सरकार प्रतिबद्ध रहेको बताए । उनले भारतबाट हुनसक्ने सहयोगका लागि विभिन्न भ्रमणका बेला गम्भीररुपमा कुरा राखेको बताए । उनले विमानस्थल चाँडोभन्दा चाँडो सञ्चालन गर्नका लागि यसको मोडलका बारेमा चर्चा भइरहेको जानकारी दिए । मन्त्री साउदले सिमराको रुट अत्यन्त व्यस्त भएकाले भारतसँग थप रुटको विषयमा कुरा भइरहेको बताए । साना विमानका लागि रुट पाइए पनि बोइङलगायत रुटका लागि सरकार लागिपरेको उनले स्पष्ट पारे ।


# चुनावको चिन्ता नलिई काममा केन्द्रित हुन जरुरी: महामन्त्री शर्मा

**टुडे समाचारदाता**

टक्सार । नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले कांग्रेसले २०८४ को गीत गाउन आवश्यक नरहेको बताएका छन् । नेपाली कांग्रेस भोजपुरको जिल्ला सम्मेलन तथा प्रशिक्षणमा शनिबार उनले अन्य दलहरूले ल्याएको ‘मिसन ८४’बाट मुलुकमा केही पनि कायापलट नहुने भन्दै त्यसले कांग्रेसलाई कुनै असर नगर्ने स्पष्ट पारे ।

“लोकतन्त्रमा चुनाव हुन्छ । कांग्रेसले ८४ को गीत गाउन आवश्यक छैन, चुनावको चिन्ता नलिई काममा केन्द्रित अहिलेको आवश्यकता हो”, उनले भने । उनले राणाशासनको अन्त्य गर्दै मुलुकलाई यहाँसम्म ल्याउन नेपाली कांग्रेसको प्रमुख योगदान भएकाले सबै पक्षलाई समेटेर समाजमा देखिएको निराशा चिर्दै अगाडि बढ्नु कांग्रेसको प्रमुख दायित्व भएको बताए ।

“अरुले के गरेभन्दा पनि संयमतापूर्वक कांग्रेस अगाडि बढ्न आवश्यक रहेको छ”, महामन्त्री शर्माले भने, “नयाँ आएका ब्याण्डबाजामा सबैलाई नाचौनाचौ लागे पनि पुरानो नौमति बाजाको छुट्टै महत्व छ ।”



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

### गठबन्धन हेरफेरको संकेत

देशमा रहेको सत्ता गठबन्धन भत्किने संकेत देखिएको छ । भरतपुर महानगरपालिकाले भ्रमण वर्षको शुभारम्भ गर्न आयोजना गरेको विशेष कार्यक्रममा देशका सबै पूर्व प्रधानमन्त्री सहित प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड पनि पुगेका थिए । भ्रमण वर्षको उद्घाटन कार्यक्रमको मञ्चमा एकत्रित भएका वर्तमान र पूर्व प्रधानमन्त्रीहरुबीच शिष्टाचारपनि भएन् । एमाले अध्यक्ष समेत रहेका पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले मञ्चासिन रहेका कांग्रेसका सभापति देउवा र नेकपा एसका अध्यक्ष माधवकुमार नेपालसित हात मिलाएनन् । ओलीले मञ्चासिन प्रधानमन्त्री प्रचण्ड र पूर्व प्रधानमन्त्री नेपालसित हात मिलाउने औपचारिकता समेत निर्वाह नगरेपछि गठबन्धमा चिरा परेको प्रष्ट देखियो । ओली र नेपालबीच बोलचाल नहुनु सामान्य विषय पक्कै होइन । देशका शीर्ष नेताहरुबीच बोलचाल नहुनु सकारात्मक सन्देश होइन् । भरतपुर महानगरपालिकाकी मेयर प्रधानमन्त्री प्रचण्डकी सुपुत्री गंगा छिन् । उनको आमन्त्रणलाई स्वीकार गरी सबै नेताहरु एउटै मञ्चमा जम्मा हुँदा देशमा सकारात्मक सन्देश जानु पर्थ्यो । तर त्यसो भएन् । प्रचण्ड र झलनाथ खनालसित उत्साहपूर्ण ढंगले संबाद भएपछि हेर्नेहरुले गठबन्धन ठिक अवस्थामा नरहेको प्रतिकृया दिइरहेका थिए । पछिल्लो दिनमा प्रचण्ड र ओलीबीचको भेंट बाक्लिएकोछ । प्रधानमन्त्रीमा प्रचण्डले निरन्तरता चाहेका छन् । राष्ट्रिय सभाको अध्यक्षको आसन्न चुनावमा पनि प्रचण्डले ओलीको साथ चाहेका छन् । ओलीको सहयोगले प्रचण्ड माओवादी नेतालाई राष्ट्रिय सभाको अध्यक्ष बनाउन चाहेका छन् । कांग्रेसको दृष्टि पनि राष्ट्रिय सभाको अध्यक्षमाथि छ । कांग्रेस भित्र राष्ट्रिय सभाको अध्यक्ष कृष्णप्रसाद सिटौलालाई बनाउने सहमति लगभग भइसकेको छ । माओवादी भित्र पनि राष्ट्रिय सभा अध्यक्षका लागि प्रधानमन्त्री प्रचण्डमाथि दवाव बढेको छ । कांग्रेसले राष्ट्रिय सभाको अध्यक्ष र उपचुनावका लागि गठबन्धनलाई निरन्तरता दिएर आफ्नो अनुकुल बनाउन चाहेको छ । कांग्रेसले अध्यक्ष नछाडने संकेत दिएपछि माओवादीले एमालेको सहयोग लिएर अगाडि बढने मनस्थिति बनाइसकेको छ । एमालेकै सहयोगमा प्रधानमन्त्री बनेका प्रचण्डले भने तीन महिना पूरा नहुँदै साथ छाडेर कांग्रेससित गठबन्धन गरेको थियो । तर कोशी प्रदेशमा लगातार दुई पटक कांग्रेसले धोका दिएपछि प्रचण्ड झस्किएका छन् । उनले ओलीसित निकट्ता बढाएर देउवामाथि दवाव सृजना गरेका छन् । कोशी प्रदेशमा कांग्रेसका सभासदहरुले माओवादीलाई मतदान नगरेपछि एमालेका उम्मेदवार राष्ट्रिय सभामा निर्वाचित भएका छन् । १८ पदमा घात नभए पनि कोशीमा भएको घातले प्रचण्डको मन दुखेको छ । उपचुनाव र राष्ट्रिय सभाको अध्यक्षको चुनावमा प्रचण्डले कांग्रेससित हिसाबकिताब बराबर गर्न खोजेका छन् ।


# मधेशमा जनमत संग्रह र न्याय हराउँदाको परिवेश



पुरुषोत्तम कर्ण

विभिन्न राजनैतिक मुद्दाको नाममा जनमत सङ्ग्रह को माग लिएर राजनैतिक प्रयोगशाला मा देश लाई फेरी धकेल्न खोज्ने प्रयाश भैरहेको समय मा विगत को २०३६ साल जनमत सङ्ग्रह ले निम्त्याएको तत्कालीन समाजिक राजनैतिक ध्रुविकरण को विभिषिका र शासक वर्ग को निर्मम प्रतिशोध बाटपिडित हरु आजीवन न्याय को पर्खाइ मा बाच्न बाध्य परिवेस को एउटाप्रतीनिधी घटना यहाँसमेट्न खोजिएकोछ ।

मधेशमा जनमत संग्रह र न्याय हराउँदाको परिवेश२०३६ साल जनमत संग्रहको चुनावी प्रचार प्रसारमा मुलुक दुई कितामा विभाजितसंगै ध्रुविकृत भएको थियो । निर्दलीय र बहुदलीय व्यवस्थामा ।जनकपुरधाम नजिकका गाउँहरुमा बहुदलीय पक्षमा खास गरेर नेपाली काँग्रेस समर्थित युवा विद्यार्थी र पञ्च पक्षीय सरकार संरक्षित तत्वहरूबीच ठाउँ ठाउँमा झडपसमेत भएको थियो ।पञ्चायत पोषित पक्षहरू सरकारी शक्ति र ढुकुटीको सहयोगले डर, त्रासदीका बीच आम मानिसमा निर्दलीय व्यवस्था अपराजेय भन्ने भाव पुष्टि गर्ने गर्थे भने नेपाली कांग्रेसले आफ्नो नेपाल विद्यार्थी संघमा जुझारु युवा नेता विमलेन्द्र निधिलाई केन्द्रीय अध्यक्ष थिए ।त्यसपछि यस भेगका क्याम्पस र विद्यालयमा समेत बहुदल पक्षमा माहोल बन्दै गयो । यस क्षेत्रमा त्यतिबेला कट्टर पञ्च भोलानाथ झा हुनुहुन्थ्यो । वहाँले व्यापकरुपमा सरकारको शक्ति र ढुकुटीको भरपुर दुरुपयोग गर्दै निर्दलीय व्यवस्थाको प्रचार प्रसारका मुख्य हर्ताकर्ता नै थिए । उनको प्रतिकारमा बहुदलीय पक्षका खास गरेर नेविसंघ समर्थित युवा विद्यार्थीहरूले स्वतः स्फुर्त विरोध स्वरूप बहुदलीय पक्षको वकालत गर्दै राखेको कार्यक्रममा झडप नै हुने स्थितिको सृजना हुन्थ्यो।सोही क्रममा भोला झाको आफ्नै गाउँ पञ्चायत घोडघासको गंगुली गाउँमा स्थानीय नोखे ठाकुरको दलानमा पञ्चायत पक्षको कार्यक्रम राखिएको थियो । सो राति काँग्रेस समर्थित युवा विद्यार्थीहरू नेपालीको बहुदलीय पक्षको कार्यक्रमबाट फर्किँदै थिए । दुवै पक्षवाट व्यापक नारावाजी सुरु भएपछि अचानक माहोल उत्तेजक बन्न पुग्यो र स्थानीयहरुको सहयोगमा पञ्च भोला झालाई सकुशल फर्काउन बहुदलीय युवा पक्षलाई संयमित गराउँदै घर फर्काइएको थियो ।तर यस घटनालाई भोला झाले आफुलाई कालोमोसो दलेको आफ्नो अपमान गराइएको भन्दै प्रतिशोध स्वरूप तत्कालीन पञ्चायती सरकारको सहयोगमा प्रहरी प्रशासनमार्फत व्यापक धरपकड सुरु गरिएको थियो । खास उमेर समूहका सबै युवालाई भुमिगत वा पलायन हुन बाध्य बनाइएको थियो । पञ्चायती दमन चक्रको डरले काँग्रेस समर्थित युवा विद्यार्थीहरु भोगेन्द्र लाल कर्णलगायतकाहरुले त्यतिबेला पढाईलाई बीचमै छाड्नु परेको थियो । र त्यपछि बाध्यतावश भुमिगत हुनु परेको थियो ।त्यतिबेला नेविसंघका नेताहरुसंग मित्रवत सम्बन्ध भएका विद्यार्थी शम्भुनाथ ठाकुर एसएलसी परीक्षा छोडेर भारतमा भुमिगत हुनु परेको थियो ।कयौँ महिनासम्म युवाहरुलाई पञ्चायती सुराकीको सहयोगमा प्रहरीको धरपकड़ चलि नै रहयो ।यस्ता खाले द्वेषपूर्ण प्रतिशोध यतिमै भने रोकिएन, पञ्च नेता भोला झालेस्थानीय सुराकीहरू मार्फत गंगुली टोलका उच्च पदस्थ सरकारी कर्मचारीहरुको नामावली बनाएर आफ्नो अनुकुल नभएका व्यक्तिहरूको नाम बहुदलीय समर्थक पञ्चायत व्यवस्था विरोधी रहेको भन्दै तत्कालीन केन्द्रिय पञ्चायत नेतृत्वर शाहीदरबारसम्म पठाए । यस्तो गोप्य नामावली बनिरहेको सुचना प्राप्त भए लगत्तै विष्णु देव झाले भनसुन गरि आफ्नो नाम सो सूचीबाट हटाउन लगाए । तर जिल्ला शिक्षा कार्यालयमा सहायक जिल्ला शिक्षा अधिकारी रहनु भएका देव वल्लभलाल कर्ण र जिल्ला प्रशासन महोत्तरी कार्यालयमा कार्यरत लेखापाल गुणाकेश लाल कर्ण भने भोला झाको यस गोप्य नामावली सुचीको कोपभाजनबाट बाँच्न सक्नु भएन । वहाँ दुवै जनालाई गोप्य सुराकीको भरमा सफाई पेस गर्नका लागिसमेत मौका नदिएर एकाएक अवकाश-पत्र थमाइएको थियो । सोही दिन लगभग सयौ राष्ट्रसेवक कर्मचारीहरुलाई विभिन्न प्रताड्ना दिदै बिना कारण देशव्यापीरुपमा अवकाश पत्र थमाइएको थियो । यही घटनालाई निजामति कर्मचारीको इतिहासमा जनमत संग्रह काण्ड भनेर चिनिन्छ । यो काण्ड पञ्चायत सरकारको बहुदल पक्ष माथि विजय भएको घोषणा पश्चात पञ्चायती दमन चक्रको भिषण शुरुवातको रुपमा लिने गरिन्छ । यसै प्रसँगलाई भुपु मुख्य सचिव उमेश मैनालीले आफ्नो आलेख मार्फत आफु पनि सो अवकाश सुचीमा रहेको तर आफुलाई आफ्नो हाकिम प्रमुख जिल्ला अधिकारीले बचाइदिएको भनेरई - कागजमा लेख्नु भएको छ ।वि.सं. २०४७ मा बहुदलीय व्यवस्था घोषणा भएपछि बहदुलीय पक्षधर कृष्ण प्रसाद भट्टराई नेतृत्वको अन्तरिम सरकारले २०३६ सालको पीडित निजामति कर्मचारीहरुलाई स-सम्मान पुनःस्थापन गर्न सामान्य प्रशासन मन्त्रालय मार्फत सूचना जारी गरि निकालेको थियो । सम्पूर्ण पीडित कर्मचारी परिवारहरुको लागि यो समय निकै उत्साहपूर्णरुपमा लिने गरेको छ ।



कर्मचारी पुनः स्थापना गर्ने बारेको
सामान्य प्रशासन मन्त्रालयको सूचना

बहुदलीय प्रजातान्त्रिक व्यवस्थाप्रतिको संलग्नता वा क्रियाकलाप सम्बन्धी राजनैतिक कारणबाट स्थायी निजामती सेवाको विभिन्न पद र श्रेणीबाट २०३६ सालदेखि यता हटाइएका वा अवकाश दिएका कर्मचारीहरू मध्ये निम्नानुसारका इच्छुक व्यक्तिहरूले तीन महिनाभित्र आफूसँग भएका सबूत प्रमाणका कागजहरू समेत राखी दरखास्त दिन यो सूचना प्रकाशित गरिएको छ।

१. उक्त कारणले २०३६ सालदेखि यता हटाइएका वा अवकाश दिएका पुनः स्थापनाका लागि इच्छुक कर्मचारीहरू।
२. उक्त कारणले नोकरीबाट हटाइएका हाल ६० वर्ष पुगि सकेकाहरूले हटेका मितिदेखि ६० वर्ष नपुगुन्जेलको अवधिको आधारमा गणना गरी थप निवृत्तिभरण पाउनेतर्फ इच्छुककर्मचारीहरू।
३. उक्त अनुसार नोकरीबाट हटाइएका कर्मचारीहरूको मृत्यु भैसकेको भएमा निजका हकवाला परिवारले समेत नियमानुसार पाउने सुविधा उपभोग गर्न इच्छुक हकवालाहरू।
४. यस्तै, अस्थायी नियुक्ति भै भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त भएकाहरूले पनि आफू उपरको अयोग्यता हटाउन चाहने इच्छुक व्यक्तिहरू।

निवेदन दिने म्याद:- गोरखापत्रमा पहिलो पटक सूचना प्रकाशित भएको मितिले ३ (तीन) महिनाभित्र।
निवेदन आई पुग्नुपर्ने स्थान:- सामान्य प्रशासन मन्त्रालय, हरिहर भवन पुल्चोक, ललितपुर

*गोरखापत्र मा मिती २०४७ श्रावण २६ गते प्रकाशित सुचना तस्विरमा हेर्नुस*

तर वि.सं. २०४८ पछि गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुँदा आन्तरिक कलह र विपक्षी एमालेपार्टीको फरक दृष्टिकोणका कारण अपेक्षित कार्यान्वन सहज भएन । मध्यावधि चुनाव २०५१ पछि भएको संयुक्त सरकारमा विमलेन्द्र निधि सामान्य प्रशासन मन्त्री बनेपछि सो पुनःस्थापना सम्बन्धी फाइल मन्त्रिपरिषद्मा लैजान लाग्दा उहाँले पीडित मध्येका गुणाकेश लाल कर्णलाई काठमाडौँ बोलाएर सुचीमा समावेश गरिएको नाम देखाउनु भयो । अन्ततः पीडितहरुले न्याय पाउने आश लिएर कर्णलगायतहरु घर फर्कनु भयो । तर सो निर्णयार्थ भनेर तयार गरिएको फाइल नै बेपत्ता भयो । सो फाइलमा के कसो निर्णय भयो भनेर आजीवन खोज तलास गर्दै दुवैजना गंगुलीवासी पीडितहरु अहिले स्वर्गीय भइसक्नु भएको छ ।हालसम्म पनि दुवै जनाको परिवार २०४७ सालको पुनःस्थापनाको सूचना, निवेदनको रजिस्ट्री गरिएको रसिद र आफ्नो नेताबाट पाएको सान्त्वनाबीच वहाँ र वहाँका छोरा, छोरीसहित परिवारजनले भोगेको पिडा र त्रासदीपूर्ण अवस्था निकै संकट र दयनीयपूर्ण वित्यो ।बहुदलीय व्यवस्थापछि पनि निरन्तर उपेक्षाको शिकार हुँदा प्रजातान्त्रिक व्यवस्थाको अनुभुति भन्दा पनि पञ्चायती व्यवस्थाको धंगधंगी छरपस्टै रुपमा समाजमा देख्न सकिन्यो ।त्यतिबेलाको प्रजातन्त्रभन्दा अहिलेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाबाट पनि कुनै किसिमको न्याय पाउन सकिएको छैन ।पञ्चायती शासन व्यवस्थाका नेता रहेका पूर्वमन्त्री भोला झा अहिले हुनुहुन्न । तर समाजमा अहिले पनि कुनै न कुनै रुपमा राजावादीहरु टाउको उठाउने हरसम्भव प्रयत्नरत छन् ।अहिलेको अवस्थामा राजावादी भनाउँदाहरु भुत झैँ नांगो नाच नाच्न नसके पनि समाजमा विद्वेश फैलाउन कम्मर कसेर लागिपरेका छन् ।तर वहाँहरुले भने अहिलेसम्म पनि न्याय पाउन नसकेपनि वहाँका परिवारजनहरुमा न्यायको आश मरेको छैन ।पीडित परिवारजन अहिलेसम्म पनि न्याय पाउने आशमा छन् ।स्थानीय वडा कांग्रेस समिति मार्फत संसदमाआफुहरुले पञ्चायती शासकबाट पाएकोपीडा, डर, त्रास धाकधम्की र अन्यायका विरुद्ध लडेर ल्याएको बहुदलीय व्यस्थामा पनिकुनैपनि किसिमको न्याय र क्षतीपूर्ति नपाउँदा पीडा घट्नु भन्दा बढि नै रहेको अनुभुति भइरहेको छ ।मुलुकमा विभिन्न चरणमा व्यवस्था परिवर्तनबाट समेत त्यतिबेलाका न्यायप्रेमी आन्दोलनकारीहरुले गरेको संघर्षबाट मुलुकमा व्यवस्था त परिवर्तन भयो । तर व्यवस्था परिवर्तनका निम्ति आफ्नो र परिवारजनको ज्यान र भविष्यसमेत जोखिम हुँदा समेत परिणामस्वरुप रणभुल्लमा पर्नु परेको अवस्थाबाट विरत्तिएको जीवनबाट गुज्रिनु पर्ने बाध्यता अझै पनि रहेको छ ।नेतृत्वको रक्षादेखि व्यवस्था परिवर्तनमा लामबद्ध भएर डटेर सामना गरिरहँदासमेत आफ्नै नेतृत्ववर्गबाट उपेक्षाको शिकार हुँदा झनै पिडादायी अवस्था हुँदो रहेछ । पिडित परिवार जन अहिलेसम्म पनि न्याय पाउने आशमा स्थानिय वडा काङ्ग्रेश समिती मार्फत सन्सद मा आफुहरुले पञ्चायती शासक बाट पाएको पिडा र बहुदल पश्चात पनि निष्कर्ष मा पुग्न नसकेको उचित क्षतिपुर्ती निम्ती ध्यानाकर्षण को लागि क्षेत्र का जन प्रतीनिधी तथा भुपु उपप्रधानमन्त्री बिम्लेन्द्र निधी को दैलो चाहरिरहेका छन ।तर पनि राजनीतिक परिवर्तन सिमित नेतृत्व वर्गको हातमा पर्दा वहाँहरुको परिवारजनमा लोकतन्त्रको सफलिभुत सफलता प्राप्त भए पनि तल्लोस्तरका नेता तथा कार्यकर्ता एवं आमजनले भने अहिलेसम्म पनि लोकतन्त्रको आधारभुत आवश्यकताबाट वञ्चित हुनुपर्दा व्यवस्था परिवर्तन आमजनका लागि हुनुपर्ने देखिन्छ । यसका लागि आमस्तरबाटै सजग र सचेतना हुनुपर्ने देखिन्छ ।

# गठबन्धन बहसमा बन्धक बनेको कांग्रेस महासमिति



डिबी सुनार

नेपालको सबैभन्दा ठूलो, जेठो र लोकतान्त्रिक दल नेपाली कांग्रेसले यही महिनाको ७-१० गते आयोजना गरेको महासमिति भेलाले 'हात्ती आयो हात्ती आयो फुस्सा' भन्ने उखानलाई जीवन्त राख्न थप योगदान पुऱ्याएको विषय चौतर्फी चर्चा भइरहेको छ।

१४औं महाधिवेसन मार्फत नेतृत्व चयन गर्दै नीति अधिवेशनका माध्यमबाट कांग्रेसको नीति तय गर्ने समझदारी भएको हुँदा यसभन्दा पूर्ववत् महाधिवेशनले अवलम्बन गर्दै आइरहेको पद्धतिको निरन्तरताको क्रमभङ्गता हो, गोदावरीमा आयोजना भएको महासमिति बैठक।

बहुप्रतीक्षित महासमिति भेलाले जनअपेक्षा अनुरूप पार्टी र कार्यकर्ताको ठूलो पंक्तिमा आशा र विश्वास संचार गर्न नसकिरहेको दोष कांग्रेसलाई यतिबेला लागेको छ।

२५ प्रतिशत महासमिति सदस्यहरूले धारणा राखेको उक्त बैठकमा अधिकांश महासमिति सदस्यहरूले महामन्त्री गगन थापाले प्रस्तुत गर्नुभएको सांगठनिक प्रतिवेदनको पृष्ठ २७ मा उल्लेख भएको गठबन्धनका बारेमा आफ्नो धारणाहरू केन्द्रित गरेका थिए।

दुर्भाग्यपूर्ण भन्नुपर्छ, देश र जनताका गहन मुद्दाहरू नेपाली कांग्रेस जस्तो दलले अनिवार्य रूपमा घनीभूत छलफल गरेर ठोस निर्णयमा पुग्दै महासमितिको अन्तिम दस्तावेजमा जबर्जस्त तवरले समेटिनुपर्थ्यो तर बैठकले ऊर्जा कम नैरश्यता ज्यादा प्रवाह गऱ्यो।

### हराएको संस्कृति

कांग्रेसका संस्थापक नेताहरू त्यो कालखण्डमा, जतिबेला अहिलेको जस्तो सूचना र ज्ञानको स्रोतमा सजिलै पहुँच हुँदैनथ्यो, चाहे संघर्षको मैदानमा हुन् या जेलको कठोर समयमा होस्, अनवरत अध्ययन र ज्ञानको भोकमा सदैव तल्लीन रहन्थे। यो तथ्य बीपी कोइराला, कृष्णप्रसाद भट्टराई र तत्कालीन अन्य नेताहरूको जीवनी अध्ययन गर्दा प्रष्ट हुन्छ।

अझ भनौं, बीपी कोइरालाको बहुआयामिक व्यक्तित्वले गर्दा नेपालको राजनीतिक माहोलले विश्वको ध्यान नै आकृष्ट गरेको थियो। बीपी कोइरालाको वैचारिक र सैद्धान्तिक स्पष्टता, नेतृत्व कौशलता, दृर्षटकोणमा दूरदर्शिता, भाषिक ज्ञान र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा दरिलो उपस्थितिका कारणले तत्कालीन समयमा कांग्रेसप्रति व्यापक जनआकर्षण र विदेशमा समेत नेपाली कांग्रेसप्रति चासो रहेको विषय ऐतिहासिक दस्तावेजहरूले प्रष्ट पार्दछ।

विडम्बना भन्नुपर्छ, त्यस्ता मूर्धन्य हस्तीहरूबाट दीक्षित नेताहरू समेत वर्तमान अवस्थामा कताकता महत्वपूर्ण मुद्दाहरूको सवालमा अलमलमा परेका जस्ता देखिन्छन्। बीपी कोइरालाहरूको पुस्तामा अध्ययन गर्ने, कुनै पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयमा गहन छलफल गर्ने र दीर्घकालीन मुद्दाहरूको सवालमा बडो आत्मविश्वासी निर्णय गर्ने क्षमताको प्रदर्शन हुने गर्दथ्यो। प्रतिकूलतालाई अनुकूलतामा रूपान्तरण गर्ने खुबी राख्दथ्यो नेपाली कांग्रेसको त्यो पुस्ता।

असंलग्न आन्दोलन, समाजवादी अन्तर्राष्ट्रिय मञ्च लगायत विविध अन्तर्राष्ट्रिय मञ्चहरूमा बीपी कोइरालाको अर्थपूर्ण सहभागिता र क्रियाशीलताले नेपालको अन्य मुलुकहरूसँगको सम्बन्ध विस्तार हुन मद्दत पुगेको देखिन्छ। बीपीको अन्तर्राष्ट्रियस्तरमा लोभलाग्दो सक्रियताले गर्दा छिमेकी मुलुकका समकक्षी समेत सावधान रहन्थे भन्ने तथ्य विभिन्न ऐतिहासिक दस्तावेजहरूले प्रष्ट्याउँदछन्।

उत्पन्न विवादका विषयमा तथ्यसंगत राय प्रस्तुत गर्दै अन्य देशका समकक्षी नेताहरूसँग खुलेर छलफल गर्ने ताकत बीपी कोइरालाले राख्नुहुन्थ्यो भन्ने तथ्य चीनसँग सगरमाथाको विवाद समाधान गर्दै नेपालको पक्षमा निर्णय गराउनुथियो।

नेपाल र तिब्बतको विवादलाई लिएर भारतका तत्कालीन प्रधानमन्त्री नेहरूले संसदमा दिएको अभिव्यक्तिको जवाफमा बीपीले तिब्बतसँगको विवादको मामिला हाम्रो आन्तरिक मामिलाको विषय भएकोले नेपाल यसको समाधान गर्न सक्षम रहेको र आवश्यक परे संयुक्त राष्ट्रसंघमा गएर यसको हल निकालिनेछ भन्ने प्रष्ट जवाफ दिँदै राजनीतिक स्पष्टता प्रदर्शन गर्नुभएको थियो।

'विरासत भनेको मैले आफ्ना लागि के गरे भन्ने कुरा होइन, विरासत भनेको आउने पुस्ताको लागि मैले के गरेको छु भन्ने कुरा हो', ब्राजिलका प्रसिद्ध व्यावसायिक मुक्केबाज खेलाडी भिटोर बेल्फोर्टले भनेको जस्तो भाव नेपालका विद्यमान राजनीतिक दलले अपनाउन सकिरहेका छैनन्।

बीपी कोइरालाको पुस्ताले गर्नुभएको कर्मले उहाँपछिको पुस्ताको लागि मार्गचित्र बनेको छ र अहिलेको पुस्ता समेत त्यही बाटोमा हिंडिरहेको छ। वर्तमान क्रियाशील राजनीतिक पुस्ताले आगामी पुस्तका निम्ति कस्तो मार्गचित्र दिएर जाने भन्ने विषय अझै अलमलमा रहेको देखिन्छ।

नेपाली कांग्रेसको अहिलेको केन्द्रीय समितिको संयोजन बडो गज्जबको छ। शासन पद्धति र पार्टी राजनीतिको गहिरो अनुभव बटुलेका सभापतिको पुस्ता अनि आशा र भरोसाको बिम्बका रूपमा रहेका महामन्त्रीद्वयको पुस्ता।

कुनै पनि राजनीतिक दलका निम्ति सांगठनिक बनोटका हिसाबले यस्तो गजबको केमेष्ट्री विरलै मिल्ने गर्दछ। यति हुँदाहुँदै पनि नेपाली कांग्रेसको महासमिति बैठकले आगतको निम्ति दीर्घकालीन महत्वका मुद्दा उपर छलफल गर्दै स्पष्ट मार्ग कोर्नबाट भने चुकेको देखिन्छ।

### अल्मलिएको बाटो

नेपाली कांग्रेसले आफ्नो पार्टीको व्यक्तिगत जीवन भन्दा माथिका बोक्नुपर्ने थुप्रै मुद्दा छन्, जुन राष्ट्रका र जनताका मुद्दाहरूसँग सम्बन्धित रहेका छन्। भर्खरै सम्पन्न महासमितिको बैठकमा राष्ट्रको जीवन र जनताका मुद्दाहरू ओझेलमा परेका देखिन्छन्। देशको वर्तमान आर्थिक अवस्थाका बारेमा, विद्यमान राजनीतिक संकटको मोचनका बारेमा, शान्ति प्रक्रियाका थाती रहेका कार्यभारलाई तार्किक निष्कर्षमा पुऱ्याउने कर्म, संविधानको सफल कार्यान्वयन लगायत तमाम प्रमुख मुद्दाहरूका बारेमा घनीभूत छलफल हुन नसक्नु नेपाली कांग्रेस वर्तमान अवस्थामा अलमलमा परेको प्रष्ट देखिन्छ।

बदलिंदो अन्तर्राष्ट्रिय परिस्थितिका बारेमा विदेश नीति जस्तो संवेदनशील मुद्दामा छलफल हुन नसक्नु जस्ता विषयले पार्टी वैचारिक संकटको दलदलमा फसेको भान भएको छ। महासमिति बैठक जहाँ यी र यस्ता तमाम विषयहरूमा घनीभूत छलफल भएर स्पष्ट दृष्टिकोण निर्माण गर्दै विद्यमान समस्याहरूलाई निकास दिन सक्नुपर्थ्यो, तर कांग्रेस यो बेला मुलुकको 'ट्रबलसुटर' को उपाधि चुम्नबाट चुकेको छ।

नेपाली कांग्रेसले बोक्ने मुद्दाहरू माथि गरिने विमर्श र निर्णयले मुलुकले रोज्नुपर्ने दीर्घकालीन बाटो दोधारमा रहेको छ। देशमा उत्पन्न हुन खोजिरहेका प्रतिगामी कदमहरू, पश्चगामी गतिविधि र अतिवादी क्रियाकलापहरूका कारणले गर्दा मुलुकले विभिन्न आन्दोलनबाट प्राप्त गरेका तमाम उपलब्धिहरूलाई विस्थापित गर्ने खतराको घन्टी बजिरहेका छन्।

तत्कालीन रूपमा निरूपण गर्नुपर्ने यस्ता तमाम मुद्दाहरूका बारेमा आवश्यक रणनीतिक कदमहरूका बारेमा यो महासमिति बैठकले निर्णय गर्नुपर्थ्यो। पार्टीभित्र पनि अनेकन् दृष्टिकोणहरू सतहमा आइरहेका छन्, जस्तै नेपाललाई हिन्दु राज्य घोषणा गर्नुपर्ने माग सम्बन्धी हस्ताक्षर अभियान नै सञ्चालन भयो, ती मुद्दाहरूमा समेत स्पष्ट दृष्टिकोण सार्वजनिक गर्नुपर्थ्यो यो महासमिति बैठकले।

प्रायःजसो सबै प्रमुख र साना राजनीतिक दलहरूले स्वीकार गरेको तर स्पष्ट दृष्टिकोण सहित निर्णय दिन नसकेको पेचिलो विषय हो निर्वाचन प्रणाली। निर्वाचन प्रणालीका बारेमा राजनीतिक दलहरूले नै विरोधाभासपूर्ण टिप्पणीहरू गर्दै आइरहेका छन्। २०६२/६३ को जनआन्दोलनको महत्वपूर्ण उपलब्धिहरू मध्येको मिश्रित निर्वाचन प्रणाली एक हो भन्ने गर्दछौं र सँगै यो निर्वाचन प्रणालीले राजनीतिक स्थायित्व पनि प्रदान गर्न सकेन भनिरहेका छौं।

कुनै पनि उपलब्धिहरू यति छोटो अवधिमा किन यसरी व्यवस्थाका निम्ति अप्रिय हुँदै गइरहेका छन् भन्ने कुराको हल दिने कर्म अन्य दलभन्दा नेपाली कांग्रेसको हो। समानुपातिक र समावेशी सहितको प्रतिनिधित्व २०६२/६३ आन्दोलनको अर्को महत्वपूर्ण उपलब्धिको रूपमा हामीले ग्रहण गरेका छौं, तर हामीले अपनाएको विधिप्रति आज चौतर्फी आलोचना भइरहेको छ।

यसले पार्टी पंक्तिमा नैराश्यता पैदा गरिरहेको छ। हामीले अपनाएको निर्वाचन प्रणाली र समावेशी समानुपातिक अवधारणा एकअर्कामा अन्तर्निहित विषय हुन्। यी दुवै विषयले सुशासनको अवस्थालाई प्रत्यक्ष प्रभाव पारिरहेका हुन्छन्। सुशासनको सन्दर्भमा पनि नागरिकको पंक्तिमा व्यापक असन्तुष्टि रहेको छ। भ्रष्टाचार, बेथिति र राजनीतिक दलहरूप्रति चरम असन्तुष्टिका कारणहरू पहिल्याउँदै समाधानको दिशानिर्देश गर्ने जिम्मेवारी नेपाली कांग्रेसको हो जुन विषयहरूमा महासमिति सदस्यहरूबाट बुलन्द आवाज मुखरित हुन सकेन।

महासमितिको बैठक अनेकन् दृर्षटका हिसाबले सबैको चासो रहेको हुनाले पनि केन्द्रीय समितिका पदाधिकारीहरूमा आफूले उठान गरेको मुद्दालाई कसरी पारित गराउने भन्ने होडबाजी चलेको थियो जसका कारणले भेलाको माहोलको केन्द्र नै गठबन्धनको मुद्दा भइदियो। गठबन्धनको मुद्दा यसरी गलपासो भइदियो कि मानौं यसको विषयमा धारणा व्यक्त गर्ने महासमिति सदस्यले उक्त विषयलाई उच्चारण नगर्दा व्यक्त भएको धारणाले नै पूर्णता नपाउला भन्ने चिन्ताको माहोल बनेको देखिन्थ्यो।

उपसभापति पूर्णबहादुर खड्काले प्रस्तुत गर्नुभएको नीति प्रस्ताव, महामन्त्री गगनकुमार थापाले प्रस्तुत गर्नुभएको सांगठनिक प्रस्ताव, महामन्त्री विश्वप्रकाश शर्माले प्रस्तुत गर्नुभएको समसामयिक राजनीतिक प्रस्ताव भित्र रहेका बहुतै दीर्घकालीन महत्वका मुद्दाहरू उपर सुझाव प्रकट गर्ने महासमिति सदस्यहरू नगन्य मात्रामा रहेका थिए।

नेपालको वर्तमान अर्थतन्त्रको प्रभावले आम नागरिकलाई प्रत्यक्ष असर पारेको हुनाले हुनसक्छ, अर्थमन्त्री प्रकाशशरण महतले प्रस्तुत गरेको आर्थिक प्रतिवेदनमा सुझाव दिँदै गर्दा अलमलको भावमा 'वर्तमान आर्थिक संकट समाधानको नेतृत्व नेपाली कांग्रेसले लिनुपर्छ' भन्ने भाव सहित केही महासमितिका सदस्यहरू प्रस्तुत भए।

यदि लोकतान्त्रिक शक्तिले ठिक हिसाबका साथ राष्ट्र र जनताका मुद्दाप्रति सोचविचार गर्न सकेन भने देशको भविष्य अन्योलग्रस्त हुन्छ। बीपी कोइरालाले भन्नुभएको जस्तो यदि नेपाली कांग्रेसले सही समयमा आवश्यकता अनुसारको निर्णय लिन सकेन भने मुलुक अनिर्णयको बन्दी बनिरहन्छ।

मुलुकको जिम्मेवार राजनीतिक दल भएको कारणले गर्दा यस प्रकृतिका नीति तय गर्ने बैठकले एउटा बेग्लै ऊर्जा सहितको सन्देश प्रवाह गर्नुपर्छ। नेपाली कांग्रेसले अख्तियार गर्ने नीतिले पार्टीको निजी जीवनलाई के-कस्तो प्रभाव पार्छ भन्ने कुराले महत्व निश्चय पनि राख्दछ तर त्योभन्दा पनि ठूलो महत्व देश र जनताको दीर्घजीवनमा असर गर्ने भएकोले आगामी समयमा हुने यस्ता बैठकले सार्थक हस्तक्षेप सहितको दिशाबोध गर्नमा केन्द्रित हुन सक्नुपर्छ।

# प्रदेश संरचना सङ्घ र स्थानीय तहलाई जोड्ने महत्त्वपूर्ण रहेको प्रधानमन्त्रीको भनाई

**टुडे समाचारदाता**

लुम्बिनी । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सङ्घीय प्रणालीमा प्रदेश संरचना सङ्घ र स्थानीय तहलाई जोड्ने महत्त्वपूर्ण सेतु भएको बताएका छन् ।



लुम्बिनी प्रदेशसभाको शुक्रबारदेखि सुरु हिउँदे अधिवेशनको दोस्रो बैठकलाई शनिबार सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले सङ्घीयताका नवीन र असल अभ्यासको अनुकरण र अवलम्बन गर्दै नेपालले सङ्घीयता र लोकतन्त्रको अनुपम अभ्यास गरेर विश्वसामु देखाउनुपर्ने बताए । उनले भने, "नेपालको सङ्घीयता अभ्यास उदाहरणीय बनाउनुपर्छ, त्यसका लागि हामी सबैले अन्तरमनदेखि नै सङ्कल्प गर्न जरूरी छ ।"

लुम्बिनी प्रदेशले विकास, समन्वय, सहकार्यलगायतका विषयमा महत्त्वपूर्ण योगदान गरेको भन्दै प्रधानमन्त्री दाहालले सङ्घीयता कार्यान्वयन र सेवा प्रवाहका क्षेत्रमा अझ धेरै काम बाँकी रहेको बताए । "आगामी दिनमा सङ्घीयता कार्यान्वयन, विकास र समृद्धि एवं सेवा प्रवाहका क्षेत्रमा धेरै काम बाँकी छ", उनले भने, "सङ्घीय लोकतान्त्रिक गणतन्त्रले अथाह सम्भावना देखाएको छ, त्यसलाई अवसरमा बदलेर मात्रै व्यवस्थाविरोधीहरूको षड्यन्त्र निस्तेज पार्नुछ । यसका निम्ति सबैले साझा, समन्वयात्मक र सकारात्मक योगदान गर्नुपर्छ ।"

प्रधानमन्त्रीले संविधान निर्माणको आठ वर्ष पूरा हुँदा समेत सङ्घीयता कार्यान्वयनमा रूचि नदेखाउने, वित्तीय र प्रशासनिक अधिकारको हस्तान्तरण गर्न नचाहने प्रवृत्ति अहिले पनि विद्यमान रहेको उल्लेख गर्दै आफू त्यसलाई तोड्न लगातार लागिरहेको स्पष्ट पारे ।

प्रदेशलाई आर्थिक अधिकार दिनै नचाहने, कथम्कदाचित दिइहालेमा पनि सशर्त अनुदानका नाममा केन्द्रबाटै योजना र बजेट तोकेर पठाउने प्रचलन विगतमा विद्यमान रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले यसपटक त्यस्तो सोच र परम्परा तोड्ने सङ्कल्प गरिएको बताए । सङ्घीय कानुनहरू निर्माणमा सरकार सक्रियरूपमा लागिरहेको जानकारी दिँदै प्रधानमन्त्री दाहालले सङ्घीय शिक्षा ऐनको मस्यौदा संसद्मा प्रस्तुत भइसकेको, सङ्घीय निजामती सेवा ऐन दर्ताको प्रक्रियामा रहेको र प्रहरी ऐनलगायतका अन्य मस्यौदा पनि छिट्टै संसद्मा प्रस्तुत हुने दाबी गरे ।

प्रधानमन्त्री दाहालले विश्वशान्तिका अग्रदूत गौतमबुद्धको जन्मभूमि लुम्बिनी शान्तिको उद्गमभूमि र पुण्यभूमिका रूपमा मात्रै परिचित नभएर विभिन्न परिवर्तनका आन्दोलनको नेतृत्व, अग्रगमन र परिवर्तनका नामले समेत उत्तिकै परिचित रहेको उल्लेख गरे । उहाँ भने, "लुम्बिनी क्रान्ति र शान्तिको समिश्रणको सबैभन्दा राम्रो दृष्टान्त हो ।"

नेपाली राजनीतिक आन्दोलन, सामाजिक जीवन, ऐतिहासिकता र सम्भावनाका दृष्टिले लुम्बिनी प्रदेश अग्रणी स्थानमा रहेको उनको भनाइ थियो । प्रधानमन्त्री दाहालले जनयुद्ध, ऐतिहासिक जनआन्दोलनलगायतका राजनीतिक-सामाजिक परिवर्तनमा लुम्बिनी प्रदेश र प्रदेशवासीले महत्त्वपूर्ण योगदान रहेको स्मरण गरे ।

# कोरोला नाका पूर्णरूपमा सञ्चालन गर्न प्रधानमन्त्रीसमक्ष आग्रह

**टुडे समाचारदाता**

बागलुङ । नेपाल-चीन जोड्ने मुस्ताङको कोराला नाका पूर्णरूपमा सञ्चालनमा ल्याउन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'समक्ष माग गरिएको छ ।

अन्तरदेशीय व्यापार र पर्यटन प्रवर्द्धनका लागि सो उत्तरी नाका नियमित सञ्चालनका लागि पहल थाल्न सरकारको ध्यानाकर्षण गराइएको हो । शनिबार बागलुङको सर्वसिद्धिधाम पञ्चकोटमा आयोजित ' अनन्तश्री ब्रह्माण्डीय महायज्ञ'मा सहभागी प्रधानमन्त्री दाहालसमक्ष नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले मुलुकको विकास र समृद्धिका लागि कोराला नाका नियमित सञ्चालनमा ल्याउनुपर्ने बताए ।

उनले केही समयअघि भएको चीन भ्रमणका क्रममा कोरोलालगायत नेपालसँगका उत्तरी नाका सञ्चालनमा प्रधानमन्त्रीले लिनुभएको पहलप्रति आभार व्यक्त गर्दै कोराला नाका छिट्टै पूर्णरूपमा सञ्चालनमा आउनेमा विश्वास व्यक्त गरे । "कालीगण्डकी करिडोर र मध्यपहाडी लोकमार्ग आयोजनालाई समयमै सम्पन्न गर्न सकिएमा कोराला नाकालाई सक्रिय र सहजरूपमा सञ्चालनमा ल्याउन सकिन्छ, यसतर्फ प्रधानमन्त्री र सरकारको विशेष ध्यान जानेछ भन्ने हाम्रो विश्वास छ", अध्यक्ष ढकालले भने ।

पञ्चकोटबाट मुक्तिनाथ हुँदै कोरोला नाका जोड्ने सडक निर्माणलाई उच्च प्राथमिकता राख्न उनले प्रधानमन्त्रीसमक्ष आग्रह गरे । विश्वका सनातन अनुयायीहरूको आस्थाको केन्द्र मुक्तिनाथ रहेको भन्दै अध्यक्ष ढकालले त्यस क्षेत्रलाई सांस्कृतिक, प्राकृतिक एवं धार्मिक सम्पदास्थलका रूपमा विकास गर्नुपर्ने अध्यक्ष ढकालले बताए ।पञ्चकोटमा निर्माण थालनी भएको विश्वशान्ति कलशको पूर्णताका लागि सरकारको सहयोगको अपेक्षा लिइएको उनको भनाइ छ । सर्वसिद्धिधाम पञ्चकोटका सङ्कल्पकर्ता



स्वामी कमलनयनाचार्यले चीन जोड्ने कोरोला नाका सञ्चालन हुनसकेमा मुलुकको समृद्धिमा ठूलो टेवा पुग्ने उल्लेख गरे । "मुक्तिनाथ क्षेत्र हुँदै मानसरोकारको यात्रा गर्न सकिने अवस्था सिर्जना गर्न सकियो भने धार्मिक पर्यटनका माध्यमबाट देशले ठूलो लाभ लिन सक्छ, यसतर्फ प्रधानमन्त्रीज्यूमार्फत सरकारको ध्यान जाओस्", उनले भने ।कोरोला नाका जोड्ने सडक सुविधासम्पन्न हुनसकेमा समग्र मुक्तिक्षेत्रको विकासले गति लिने स्वामी कमलनयनाचार्यले बताए । उनले जनस्तर र सरकारी क्षेत्रको साथ र सहयोगबाट पञ्चकोटले नयाँ स्वरुप पाएको बताए । उनले व्यवस्थित सडक, खानेपानी र पार्किङस्थलको व्यवस्थापनमा सरकारका निकायको सहयोग आवश्यक रहेको धारणा राखे ।

प्रधानमन्त्री दाहालले बागलुङ, म्याग्दी हुँदै मुस्ताङको कोराला नाका जोड्ने सडकको स्तरोन्नतिका लागि सरकारको आगामी नीति तथा कार्यक्रम र बजेटमा प्राथमिकता दिने प्रतिबद्धता जनाउनुभयो । "प्रधानमन्त्रीका हैसियतले कोरोला नाकालाई नियमित सञ्चालन गर्ने र त्यहाँको सडक निर्माणमा मेरो ध्यान गएको छ, आगामी सरकारले ल्याउने नीति तथा कार्यक्रम र बजेटमा पनि यो विषय प्राथमिकताका साथ समेटिन्छ", उनले भने ।

प्रधानमन्त्री दाहालले मुलुकको आर्थिक समृद्धिका लागि धार्मिक पर्यटन महत्त्वपूर्ण आधार भएको बताए । उनले कोरोला नाका सञ्चालनमा आउँदा आर्थिक गतिविधिसँगै पर्यटन आवागमनमा पनि उल्लेख्य वृद्धि हुने विश्वास व्यक्त गरे । प्रधानमन्त्री दाहालले भौतिक विकासमा दौडिरहेको वर्तमान विश्वमा आध्यात्मिक चिन्तनको विकास गर्न नसके समाजमा स्थायी शान्ति प्राप्त नहुने धारणा राखे । उनले संस्कारसहितको व्यावहारिक शिक्षामा जोड दिए ।

# राष्ट्रियसभालाई संवैधानिक र कानुनीरुपमै कमजोर बनाइयो : सांसद देव



> कुनै पनि देश बन्ने भनेको राजनीतिक नेतृत्वले हो । मुलुक निर्माणमा राजनीतिक नेतृत्वले मुख्य भूमिका रहन्छ भने त्यसमा सहयोगात्मक भूमिका कर्मचारी संयन्त्रको रहन्छ । यी दुई क्षेत्र इमान्दार, जवाफदेही र सुशासनको पक्षमा लाग्ने हो भने मुलुकको समृद्धि

काठमाण्डु । संविधान निर्माणका क्रममा राष्ट्रियसभालाई कस्तो बताउने भनेर गम्भीररुपमा छलफल चल्यो । यसलाई अधिकारसम्पन्न, प्रतिनिधिमूलक र गुणस्तरीय कसरी बनाउने भनेर बहस, छलफल चलेको थियो । एकथरिले राष्ट्रिय सभालाई बलियो र अधिकारसम्पन्न बनाउने वकालत गरिरहेका थिए भने अर्कोथरिले प्रतिनिधिसभालाई नै बढी अधिकार दिएर राष्ट्रियसभालाई कमजोर बनाउन चाहन्थे । गणितीय रुपमा दोस्रो विचारधारा भएकाको जीत भयो । प्रतिनिधिसभालाई मात्र प्राथमिकता दिइयो र राष्ट्रियसभालाई कमजोर बनाइयो । मैले राष्ट्रियसभामा बिताएको ६ वर्ष अवधिको सैद्धान्तिक, राजनीतिक र व्यवहारिक निचोड यही हो ।

दुई सदनात्मक संसदीय व्यवस्था भएका प्रजातान्त्रिक देशको अभ्यास हेर्ने हो भने दुवै सदन उत्तिकै शक्तिशाली र अधिकारसम्पन्न पाइन्छन् । नेपालमा पनि राष्ट्रियसभालाई अधिकारसम्पन्न बनाउन सकिन्थ्यो । सरकार गठन/पुनर्गठनको काम जहाँ पनि तल्लो सदनले गर्छ । त्यसमा माथिल्लो सभाको कुनै भूमिका हुँदैन र त्यो भूमिका राष्ट्रियसभाले माग्नु पनि हुँदैन ।

संसदीय लोकतन्त्र भएका मुलुकमा विनियोजन विधेयक पनि तल्लो सदनमै पेस हुन्छ । हाम्रो संविधान निर्माणका क्रममा पनि यी दुईवटा कुराको विशेषाधिकार प्रतिनिधिसभालाई दिने अर्थात् राष्ट्रियसभामा यी दुईवटा अधिकार नजाओस् भन्ने भयो । बाँकी सम्पूर्ण कुरामा दुवै सभाको बराबर अधिकार बनाऔँ भनेर भनिएको थियो । तर प्रतिनिधिसभालाई संवैधानिक र कानुनी रुपमै बलियो बनाइयो । त्यसका केही उदाहरण यहाँ उल्लेख गर्न चाहन्छु ।

विधेयकको सन्दर्भमा प्रतिनिधिसभालाई विशेषाधिकार दिइएको छ । प्रतिनिधिसभामा उत्पत्ति भएको विधेयक राष्ट्रियसभामा आउँदा १५ दिनभित्रमा संशोधन सुझावसहित फिर्ता भइसक्नुपर्छ । फिर्ता नपठाएको खण्डमा प्रतिनिधिसभाले जस्तो पारित गरेको छ त्यस्तै पारित हुने व्यवस्था रहेको छ । तर राष्ट्रियसभामा उत्पत्ति भएको विधेयक कति समयमा प्रतिनिधिसभाले फिर्ता पठाउने भन्ने कानुनमा कहींकतै उल्लेख छैन ।

राष्ट्रियसभालाई कमजोर बनाएको अर्को उदाहरण भनेको संयुक्त समितिमा सभापतिको चयन हो । प्रतिनिधिसभा र राष्ट्रियसभाका दुईवटा संयुक्त संसदीय समिति छन् । जसमध्ये एउटा समितिको सभापति राष्ट्रियसभालाई दिने र अर्को समितिको सभापति प्रतिनिधिसभालाई दिने भनेर सिङ्गो राष्ट्रियसभाले संशोधन पेश गरेको छ । संयुक्त समितिको एउटा सभापति राष्ट्रियसभाबाट हुनुपर्छ भनेर माथिल्लो सभाका सबै सांसदले ऐक्यबद्धतासहित संशोधन समेत हाल्नुभएको थियो । यसले माथिल्लो सदनको गरिमा र ओझ थप बढाउँछ भन्ने थियो । तर ठूला दलका केही व्यक्तिले त्यसलाई असफल बनाए । राष्ट्रियसभालाई थप अधिकार दिनुहुँदैन भनेर संविधान बनाउने बेलामा जो लागिपरेका थिए, नियमावली बनाउँदा पनि उनीहरुले त्यसलाई स्वीकार गरेनन् ।

अर्को उदाहरण, संसदीय सुनुवाइ समितिमा १५ सदस्य छन् । जसमा प्रतिनिधिसभाका १२ र राष्ट्रियसभाका तीन मात्रै सदस्य छन् । यो समितिमा सबै दलको प्रतिनिधित्व हुने र राष्ट्रियसभालाई पनि न्यायपूर्ण रुपमा समावेश गराउने हो भने कम्तीमा राष्ट्रियसभाका पाँच सांसद त्यसमा रहने व्यवस्था गरौँभन्दा त्यो पनि हुन सकेन । यो भनेको राष्ट्रियसभालाई कमजोर देखाउने, शक्तिको अभ्यास गर्न नदिने र रबरस्ट्याम्प बनाइराख्ने जस्तो व्यवहार भएको छ ।

यसरी हामी पहिलो त संविधान निर्माणमै चुक्यौँ । दोस्रो, नियमावलीमा संशोधन गरेर पनि केही अधिकार राष्ट्रियसभालाई दिन सकिन्थ्यो । त्यसमा पनि चुक्यौँ । संविधान बनाउने बेलादेखि अहिलेसम्म राष्ट्रियसभालाई बारम्बार कमजोर बनाउने काम भएको छ । नियमावलीमा संशोधन गरेर थप केही अधिकार दिन सकिन्थ्यो । त्यसलाई संविधानले रोकेको थिएन । तर त्यसो पनि हुन सकेन । नेतृत्व पङ्क्तिमा भएका धेरैले यो कुरा बुझेनन् । केहीले बुझेर पनि बुझ पचाए । मौन बसे ।

संसद्को विधायिकी भूमिका कमजोर हुँदै गएको भन्दै आलोचना भइरहेका छन् । कानुन निर्माणमा सरकारको कमजोरी छ । विधेयक ल्याउने जिम्मेवारी सरकारको हो । सरकारले विधेयक ल्याएपछि संसद्ले बिजनेस पाउने हो । हुनतः गैरसरकारी विधेयक पनि हुन्छन् । तर आमरुपमा विधेयक ल्याउने काम सरकारको हो । पछिल्लो तीनवटा अधिवेशनमा कानुन निर्माणको काम सुस्त भयो, अति आवश्यक विधेयक पनि आउन सकेनन् भनेर आलोचना भइरहेको छ । त्यो स्वाभाविक पनि हो । सरकारले संसद्भित्र विधेयक नै ल्याएन । संसद्मा दर्ता नै नभएपछि छलफल र पारित पनि भएनन् । यसको जवाफदेहिता सरकारले लिनुपर्छ ।

संसदीय समितिका गतिविधिमाथि पनि प्रश्न आउने गरेको छ । राष्ट्रियसभाको सदस्यका हैसियतले मैले यसअन्तर्गतका समितिको कुरा गर्नु मात्रै उचित हुन्छ । राष्ट्रियसभाअन्तर्गतका चार समितिका गतिविधिको समीक्षा गर्दा म सन्तुष्ट छु । म सदस्य रहेको विधायन व्यवस्थापन समितिका कामको संसदीय र राजनीतिक वृत्तमा राम्रो प्रशंसा भएको छ । यो समितिले राम्रो काम गरेको छ ।

राष्ट्रियसभाका अरु समितिले पनि राम्रो काम गरेका छन् । संसदीय समितिमा स्वार्थको टकराब हुने गरी सदस्य नियुक्त भएका तथा समितिका कामको प्रभावकारिता कम देखिएका भन्ने कुरा राष्ट्रियसभा अन्तर्गतका समितिको हकमा लागू हुँदैन । यद्यपि, प्रतिनिधिसभाका केही समितिको काम प्रभावकारी छैन भनेर मैले पनि सञ्चारमाध्यम र बाहिरबाट सुनेको छु । यही सन्देश बाहिर गएको छ ।

सङ्घीय कानुन निर्माण भएपछि मात्रै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन सजिलो हुने भएकाले त्यस्ता कानुन चाँडो निर्माण हुनपर्नेमा सबैतिरबाट जोड छ । सरकारले पनि सङ्घीय कानुन निर्माणका लागि पहल गरिरहेकै छ । सङ्घीय निजामती ऐन, प्रहरी प्रशासनसँग सम्बन्धित ऐनहरु यही अधिवेशनमा आउँछन् भन्ने आशा छ ।

हामीले शून्य समय, विशेष समय र केही सार्वजनिक महत्वका विषयमा सङ्कल्प प्रस्ताव संसद्मा राखेर आमजनताका जनजीवनका समस्यालाई संसद्मा उठाउने गरेका छौँ । प्राकृतिक प्रकोप, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चुनौतीलगायत समसामयिक विषयमा पनि राष्ट्रियसभाभित्र जोडदार रुपमा कुरा उठाएका छौँ । सत्तापक्ष र प्रतिपक्ष दुवैतर्फका सांसदबाट यस्ता कुरा उठेका छन् । सरकारको तर्फबाट केही जवाफ आएको पनि छ । केही पहलकदमी र प्रतिबद्धता भएका छन् । तर जति हुनुपर्ने हो, त्यो हुन सकेको छैन । जनतासँग जोडिएका विषयमा जवाफ दिने विषयमा सरकारले तदारुकता देखाउनुपर्छ । संसद्मा सांसदले उठाएका प्रश्नको जवाफ त्यही दिन सम्भव नभए पनि भोलिपल्ट वा पर्सिपल्ट सरकारले दिनैपर्छ । सरकारले के काम गरिरहेको छ भन्ने जनप्रतिनिधिलाई संसद्मार्फत बताउनुपर्छ ।

कुनै पनि देश बन्ने भनेको राजनीतिक नेतृत्वले हो । मुलुक निर्माणमा राजनीतिक नेतृत्वले मुख्य भूमिका रहन्छ भने त्यसमा सहयोगात्मक भूमिका कर्मचारी संयन्त्रको रहन्छ । यी दुई क्षेत्र इमान्दार, जवाफदेही र सुशासनको पक्षमा लाग्ने हो भने मुलुकको समृद्धि सम्भव छ । जनतालाई सहज सेवाप्रवाह गर्ने, औद्योगिक र कृषि क्रान्ति गर्ने सन्दर्भमा इमान्दारिताका साथ स्वच्छ भएर नलाग्ने र राजनीतिक तथा कर्मचारी संयन्त्रको नेतृत्व नसुध्रने हो भने मुलुक बन्दैन । उच्च राजनीतिक र कर्मचारी संयन्त्र सुध्रिएन भने प्रतिक्रान्ति हुन सक्छ । धेरै देशमा क्रान्ति पछि प्रतिक्रान्ति र प्रतिगमन भएका उदाहरण छन् । त्यस कारण सुशासनको पक्षमा, भ्रष्टाचार र घुसखोरीको विरुद्धमा सबै राजनीतिज्ञ र कर्मचारी लाग्न आवश्यक छ ।

मैले २०७० सालदेखि २०७४ सम्म संविधानसभामा र त्यसयताको ६ वर्ष राष्ट्रियसभामा बिताएँ । यो अवधिमा मैले संसद्मा रहेर कानुन निर्माणमा वा नागरिकका जनजीविकाका कुरा संसद्मा उठाउने सबालमा के-कस्तो भूमिका खेलेँ भन्ने अरुले समीक्षा गर्ने कुरा हो । राजनीतिक वृत्त, प्राज्ञिक तथा बौद्धिक जगत र आम सर्वसाधारणलाई नै मेरो कामको समीक्षा गर्न आग्रह गर्दछु । संसदीय अभ्यासमा केही गल्ती कमजोरी पनि भए । म त्यो स्वीकाछुं । विद्युतीय कारोबारसम्बन्धी विधेयकलाई विद्युत् विधेयक भनेर संसद्मा बोलेको कुरा गल्ती थियो । त्यसको म आत्मालोचना गर्छु । त्यसदिन म राजविराजबाट काठमाडौँ फर्किएर सोझै संसद्मा गएको थिएँ । संसद्को कार्यसूचीबारे पनि जानकार थिइनँ । मभन्दा अघि बोल्ने सांसदले पनि विद्युतीय कारोबारको विषय नभई विद्युत्कै विषय बोलेका थिए । जे भए पनि मेरा लागि त्यो निकै लज्जाबोधको विषय थियो । त्यो परिस्थितिजन्य थियो । मैले आत्मालोचना गरेको छु ।

मैले विचार, सिद्धान्त, एजेण्डा, मूल्यमान्यतालाई अगाडि राखेर करिब पाँच दशक राजनीतिक जीवन बिताएँ । विद्यार्थी जीवनदेखि अहिलेसम्म सधैँ अग्रगमनका लागि लडेँ । आगामी दिनमा पनि अहिलेको लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने, सुदृढ गर्ने र सामाजिक आर्थिक रुपान्तरणको प्रक्रियालाई सघाउन क्रियाशील रहनेछु । अग्रमन अभियानकै लागि बाँकी राजनीतिक जीवन बिताउनेछु ।

नेपाली कांग्रेसका तर्फबाट राष्ट्रियसभा सदस्य रहनुभएका सांसद जीतेन्द्र नारायण देवले करिब पाँच दशक राजनीतिक जीवन बिताउनुभएको छ । उहाँ सप्तरी जिल्लाका स्थायी बासिन्दा हुनुहुन्छ । रासस

# गृहमन्त्रीको सुझाव- जीवन परिवर्तनको 'गहना'लाई अनुकरण गरिरहनुहोला

**टुडे समाचारदाता**

काठमाण्डु । उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले विपश्यना ध्यानले जीवन रुपान्तरण गर्न सघाउ पुऱ्याउने भएकाले जीवनपर्यन्त ध्यानको अभ्यास गर्न कैदीबन्दीलाई सुझाव दिनुभएको छ । ललितपुरको नक्खु कारागारमा नेपाल विपश्यना केन्द्रद्वारा सञ्चालित १० दिने ध्यान शिविरको शनिबार समापनका अवसरमा उनले हरेक दिन विपश्याना ध्यानको अभ्यासमा लाग्न कैदीबन्दीलाई अनुरोध गरे ।

"ध्यानले तपाईहरुलाई कारागार छाडेपछि असल जीवनयापन गर्न सहयोग पुऱ्याउँछ, हिजो के भयो त्यो बिर्सनुस्, अब समाजमा फर्कदा यहाँहरु अरुभन्दा असल हुनुहुन्छ", ध्यानले कैदीबन्दीको जीवनमा रुपान्तरण ल्याउने उल्लेख गर्दै उपप्रधानमन्त्री श्रेष्ठले भने, "असल नागरिक बन्ने प्रक्रियामा ध्यान अभ्यासले धेरै नै सहयोग पुऱ्याउने छ, तपाईंहरु त्यसतर्फ अघि बढ्नुहोला ।"

ध्यानमार्फत आफूलाई हेर्ने, चिन्ने र फेर्ने प्रक्रियाको विधिद्वारा सुसज्जित गर्न सकियो भने सिङ्गो समाजलाई नै परिवर्तन गर्न सकिने उनको भनाइ छ । "यहाँहरुले जीवन परिवर्तनको गहना प्राप्त गर्नुभएको छ, त्यसलाई सदैव अनुकरण गरिरहनुहोला", उनले भने । सरकार कैदीबन्दीको कारागार जीवन सहज बनाउन, श्रमको सदुपयोग हुने स्थिति बनाउन तथा मानसिक र शारीरिक स्वास्थ्य राम्रो बनाउन क्रियाशील रहेको उल्लेख गर्दै उनले कैदीबन्दीलाई रुपान्तरण गर्ने, जीवन फेर्ने अभियान चलाउन खोजिएको बताए । "जेलभित्र पनि ध्यान शिविर चलाउने त्यसकै कदम हो, सबै बन्दीलाई ध्यान विधिद्वारा जीवन रुपान्तरण गराउन लागिएको छ", उनले भने ।

ध्यान कार्यक्रममा सुरुआतको अनुभव समापनसम्ममा सुखद्मा परिणत हुने सुनाउँदै उनले एकपटकको ध्यानले मात्र जीवन रुपान्तरण नहुने बताए । "शिविरले विधि सिकाएको छ, अब आफैँले अभ्यास गर्नुपर्छ", उनले भने, "गृह मन्त्रालयले मातहतका सबै निकायमा छोटो अवधिको ध्यान अभ्यासलाई अघि बढाएको छ ।"कारागारमा पर्याप्त समय लिएर चलाइएको विपश्याना ध्यान कार्यक्रमले कैदीबन्दीको जीवनमा रुपान्तरण ल्याउने विश्वास व्यक्त गर्दै उपप्रधानमन्त्री श्रेष्ठले अब दैनिक यसको अभ्यास गर्न सुझाव दिए । "ध्यान आफ्नो जीवन रुपान्तरणका लागि नै गरिने हो, ध्यानले स्वअनुसाशित हुन सिकाउँछ", उनले भने, "बन्दीको जीवनमा रुपान्तरण आउँदा समाज र देशलाई फाइदा हुन्छ, पहिलो फाइदा भने बन्दीलाई नै हुन्छ ।"

वर्तमान सरकार मुलुकलाई राजनीतिक परिवर्तन अधिकार प्राप्तिका क्षेत्रमा मात्रै सीमित हुन नदिइ समाज रुपान्तरणमा अघि बढाउन खोजिरहेको बताए । "राजनीतिक परिवर्तनलाई माध्यम र साधन बनाएर सिङ्गो समाजको रुपान्तरण गर्नुपर्छ भनेर सरकार क्रियाशील छ", उपप्रधानमन्त्री श्रेष्ठले भने, "शिक्षा, स्वास्थ्य, रोजगारीलगायत आधारभूत आवश्यकता पूरा गरेर जनताले नयाँ जीवन पाउनुपर्छ, सरकारको ध्यान यसतर्फ छ ।"

उपप्रधानमन्त्री श्रेष्ठले यही फागुन ८ गते नक्खु कारागारमा ध्यानकेन्द्रको उद्घाटन गर्नुभएको थियो । विपश्याना ध्यान केन्द्रको लगानीमा उक्त ध्यानकेन्द्र निर्माण गरिएको कारागार कार्यालयका प्रमुख कल्पना घिमिरेले जानकारी दिए । १० दिनसम्म चलेको सो ध्यान शिविरमा तीन सुरक्षाकर्मीसहित ४८ कैदीबन्दीले सहभागिता जनाएका थिए ।

नेपाल विपश्यना केन्द्रले देशभरि १९ ध्यानकेन्द्र निर्माण गरेको छ । नक्खु कारागार ध्यान केन्द्र तीन महिनाको तयारीपछि सञ्चालनमा आएको हो । केन्द्रले १६ देशका कारागारमा शिविर सञ्चालन गरिसकेको विपश्यना ध्यानकेन्द्रका क्षेत्रीय आचार्य डा रुप ज्योतिले जानकारी दिए ।

# बाइडेनद्वारा गाजामा अमेरिकी सहायता कटौतीको घोषणा

**एएफपी**

वासिङ्टन ।सहयोग बाँड्न गाजामा पुगेका ट्रकहरूको एउटा समूहको वरपर भेला भएका करीब १०० भन्दा बढी प्यालेस्टिनीको मृत्यु भएको एक दिनपछि गाजामा हवाईमार्गबाट राहत सामग्री पुऱ्याउन शुरू गरिने अमेरिकी राष्ट्रपति जो बाइडेनले बताउनुभएको छ ।

ह्वाइट हाउसमा इटालीका प्रधानमन्त्री जियोर्जिया मेलोनीसँगको भेटको क्रममा बाइडेनले गाजा युद्धबारे विशेष महत्व दिँदै भन्नुभयो, "हामीले अझै धेरै राहत सामग्री पुऱ्याउने काम गर्न आवश्यक छ र संयुक्त राज्य अमेरिकाले यसमा अग्रसरता लिनेछ ।" "आगामी दिनमा हामी जोर्डनमा रहेका हाम्रा साथीहरु र अन्य सहयोगीसँग मिलेर हवाई मार्गबाट थप खाद्यान्न र आपूर्तिको व्यवस्थापन गर्नेछौं," ८१ वर्षीय बाइडेनले भन्नुभयो ।

गत अक्टोबर ७ मा हमासले इजरायलमाथि गरेको आक्रमणपछि गाजामा मानवीय सङ्कट उत्पन्न भएको र इजरायल र हमासबीच युद्धविरामका लागि वार्ता जारी रहेका बेला यो घोषणा गरिएको हो।बाइडेनले इजरायललाईनागरिक हताहत कम गर्न र सहायताको अनुमति दिन दबाब दिनुभएको छ । उहाँले प्रमुख अमेरिकी सहयोगीको लागि सैन्य सहायता कायम राख्नुभएको छ । उहाँले मुस्लिम धर्मावलम्बीको पवित्र महिना रमजानमा छ हप्ताका लागि युद्धविराम गर्ने सहमति हुने आशा व्यक्त गर्नुभएको छ।



संयुक्त राष्ट्रसङ्घले अनिकालको चेतावनी दिएको उत्तरी गाजामा सहायता लिएर गएका गाडीको वरपर पुगेका दर्जनौं निराश प्यालेस्टिनीको मृत्यु भएको बिहीबारको घटनापछि युद्धविराम वार्ता जटिल बनेको छ ।एक इजरायली स्रोतले भीडमाथि सेनाले गोली चलाएको स्वीकारेको छ र यसले ' खतरा उत्पन्न गरेको' बताएको गरेको छ ।निर्दोष मानिसहरू भयानक युद्धमा फसेका आफ्नो परिवारको पेट पाल्न नसकिरहेका र सहायताका लागि भेला भएका प्यालेष्टिनीको ज्यानसम्म जाने स्थिति दुःखद भएको बाइडेनले बताउनुभयो ।

अमेरिकी राष्ट्रपति बाइडेनले इजरायललाई थप सहायता ट्रकहरू भित्राउन 'जोड' दिने र गाजामा ठूलो मात्रामा सहायता पुऱ्याउन सम्भावित 'समुद्री करिडोर' को बारेमा पनि विचार गर्ने बताउनुभएको छ । बाइडेनले केही समयदेखि हवाई मार्गबाट सहायता पुऱ्याउनेबारे योजना बनाइरहेको तर बिहीबारको घटनाले राष्ट्रपतिलाई सहायता प्राप्त गर्ने अन्य उपायको खोजी गर्नुपर्ने आवश्यकताबारे थप चिन्तित बनाएको ह्वाइट हाउसको राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता जोन किर्बीले बताउनुभएको छ ।

किर्बीले भन्नुभयो, "संयुक्त राज्य अमेरिकाले धेरै एयर ड्रपहरू गर्ने योजना बनाएको छ जुन हप्तौंसम्म चल्नेछ ।"तर यो एक 'कठिन सैन्य अभियान' पनि हो जसमा गाजाका नागरिक र अमेरिकी सैन्य अधिकारीको सुरक्षाको लागि पेन्टागनले सावधानीपूर्वक योजना बनाउनु आवश्यक छ ।किर्बीले भन्नुभयो, "गाजाजस्तो भीडभाड हुने वातावरणमा एयरड्रप गर्न निकै गाह्रो छ ।" संयुक्त राज्य अमेरिकाले पनि आफ्ना कर्मचारीहरूको लागि जोखिम व्यवस्थापन गर्नुपऱ्यो।

उहाँले भन्नुभयो, "यो युद्धक्षेत्र हो । अमेरिकाले पनि आफ्ना कर्मचारीहरूको लागि जोखिम व्यवस्थापन गर्नुपऱ्यो । त्यसैले विमानमा पाइलटका लागि थप सम्भावित खतराको व्यवस्थापन गर्नु जरूरी छ ।" इजरायलले पनि सहायता बोकेर गाजा पुगेका गाडी र सहयोग प्राप्त गर्नका लागि भेला भएका प्यालेष्टिनीको मृत्युबारे गम्भीरतापूर्वक अनुसन्धान गरिरहेको किर्बीले बताउनुभएको छ ।किर्बीले गाजामा बढ्दो मानवीय विपत्तिका बावजुद वासिङ्टनले इजरायललाई दिँदै आएको सैन्य सहयोग नरोक्ने बताउनुभयो । उहाँले भन्नुभयो, "हामी अझै पनि इजरायललाई यसको सुरक्षाका लागि सहयोग गरिरहेका छौं ।"

# नेपालले नेदरल्यान्ड्सलाई ६ विकेटले हरायो



**टुडे समाचारदाता**

काठमाण्डु । राजधानीमा जारी त्रिकोणात्मक टी-२० सिरिजअन्तर्गत शनिबार भएको खेलमा नेपालले नेदरल्यान्ड्सलाई ६ विकेटले पराजित गरेको छ ।

जितका लागि एक सय २१ रनको सामान्य लक्ष्य पछ्याएको नेपालले १५ दशमलव २ ओभरमा ४ विकेट गुमाएर लक्ष भेट्टायो । नेपालको जितमा कप्तान रोहितकुमार पौडेलले सर्वाधिक ४६ रनको योगदान दिए । उनले ३४ बलमा तीन चौका र एक छक्काको मद्दतले सर्वाधिक ४६ रनको योगदान गरेका थिए ।

त्यसैगरी गुल्सन झाले ३८, कुशल भुर्तेलले १२ र आसिफ सेखले ८ रन जोडे । नेदरल्यान्ड्सका लागि भिभियन किंगमाले तीन विकेट लिए भने आर्यन दत्तले एक विकेट लिए । त्यसअघि कीर्तिपुरस्थित टियु अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ गर्ने निर्णय लिएको नेदरल्यान्ड्सले १९ दशमलव ३ ओभरमा सबै विकेट गुमाउँदै एक सय २० को योगफल बनाएको थियो ।

नेदरल्यान्ड्सका लागि म्याक्स ओडोउडले २४ बलमा चार चौका र एक छक्काको मद्दतले सर्वाधिक ३१ रनको योगदान दिए । यसैगरी टिम भान डेर गुग्टेनले २४ रन जोडदा रोलोफ भान डेर मार्वीले अविजित २३ तथा कप्तान स्कट एड्वार्डसले १८ रन बनाए ।नेपालका लागि प्रतिश जिसीले तीन विकेट लिए भने करण केसी र कुशल मल्लले समान दुई/दुई विकेट लिए । त्यस्तै दीपेन्द्रसिंह ऐरीले एक विकेट लिए ।

यो जितसँगै चार खेलमा चार अङ्क जोडेको नेपालको फाइनल सम्भावना बलियो बनेको छ । त्यसैगरी पहिलो पराजय व्यहोरेको नेदरल्यान्ड्सको तीन खेलबाट चार अङ्क छ ।नेपाल पहिलो खेलमा नामिवियासँग २० रन र दोस्रो खेलमा नेदरल्यान्ड्ससँग २ रनले पराजित भएको थियो । यसैगरी तेस्रो खेलमा नेपालले नामिवियालाई ३ रनले पराजित गरेको थियो । भोलि नेदरल्यान्ड्स र नमिवियाबीच खेल हुनेछ ।

# अफगानिस्तानमा भारी हिमपात हुँदा १५ जनाको मृत्यु

**एएनआई**

काबुल । अफगानिस्तानका विभिन्न प्रान्तमा विगत तीन दिनयता परेको भारी हिमपातका कारण १५ जनाको मृत्यु हुनुका साथै करिब ३० जना घाइते भएका छन् ।

बाल्ख र फार्याब प्रान्तबाट प्राप्त तथ्याङ्कलाई उद्धृत गर्दै टोलोन्यूजले भारी हिम बर्षाका कारण पशुधनमा व्यापक प्रभाव परेको उल्लेख गरेको छ। हालैको हिमपातका कारण लगभग दस हजार जनावरहरू मरेका स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । सर-ए-पुलका स्थानीय अब्दुल कादिरले भन्नुभयो, "व्यापक हिउँ परिरहेको छ। धेरै सडकहरू अवरुद्ध भएका छन् । कुनै पनि आवागमन छैन । आफ्ना पशुधनको क्षति भएकोले स्थानीयहरू निकै चिन्तित बनेका छन् ।"

अर्का बासिन्दा अमानुल्लाहले विशेषगरी सडक अवरुद्ध भएका र भोकभोकै रहेका पशुचौपायाको दुर्दशाबाट प्रभावित भएकाहरूका लागि तत्काल सरकारी सहयोगका लागि याचना गर्नुभयो। अफगानिस्तानले प्राकृतिक विपत्तिका कारण विशेष गरी पशुधन मालिकहरूलाई भएको क्षतिलाई सम्बोधन गर्न विभिन्न मन्त्रालयहरू सम्मिलित एक समिति गठन गर्ने घोषणा गरेको छ । अधिकारीहरूले बाल्ख, जाज्जान, बडगिस, फरयाब र हेरात प्रान्तका पशुधनीहरूलाई राहत सहयोगका लागि पाँच करोड रकम बिनियोजन गरेको छ।

कृषि, सिँचाइ तथा पशुपन्छी मन्त्रालयका लागि तालिबान प्रशासनका प्रवक्ता मिसबाहुद्दीन मुस्तैनले सबै प्रान्तमा गठन भएका समितिहरूले उद्धारका द्रूत प्रतिक्रियाबारे छलफल गरिरहेको बताउनुभयो। अवरुद्ध सडक खुलाउन, प्रभावित समुदायलाई खाद्यान्न वितरण गर्न र बाक्लो हिमपातका कारण अलपत्र परेकालाई उद्धार गर्न यी समितिहरू सक्रिय रूपमा लागिपरेका छन् ।अफगान रेड क्रिसेन्ट सोसाइटीका प्रवक्ता एर्फानुल्लाह शराफजोईका अनुसार बडघिस, घोर, फराह, कान्दाहार, हेलमन्ड, जाज्जन र नुरिस्तानजस्ता प्रान्तहरूमा हालैको हिमपातबाट प्रभावित व्यक्तिहरूसम्म पुग्न विभिन्न समूह बनाई उद्धारकर्मी खटाइसकिएको बताउनुभयो ।

भारी हिमपातका कारण सलाङ पासलगायत प्रमुख यातायात मार्गहरू बन्द भएका छन् र घोर, बडघिस, गजनी, हेरात र बामियानजस्ता विभिन्न प्रान्तहरूमा सडकको पहुँच बन्द भएको छ ।सार्वजनिक निर्माण मन्त्रालयका प्रवक्ता मोहम्मद अशरफ हकशेनासले विगत दुई दिनदेखि परेको भारी हिमपातका कारण यी मार्गहरू अस्थायी रूपमा अवरुद्ध भएको पुष्टि गर्नुभयो । फर्याब प्रान्तका गभर्नरका प्रवक्ता इस्मतुल्लाह मुरादीले प्रान्तमा भारी हिमपातका कारण अधिकांश जिल्लामा सडक बन्द भएको र दुर्गम क्षेत्रका बासिन्दा अलपत्र परेको जानकारी दिनुभयो ।

# व्यापार विवादका बिषयहरू उजागर गर्दै डब्ल्यूटीओ मन्त्रीस्तरीय वार्ता सम्पन्न

**एएफपी**

अबु धाबी । कृषि र मत्स्यपालनमा कुनै सम्झौताबारे विशेष निर्णय लिने अपेक्षा गरिएको विश्व व्यापार सङ्गठन (डब्ल्यूटीओ) को उच्चस्तरीय सम्मेलन शनिबार सम्पन्न भएको छ ।सम्मेलनले ई-कमर्श र कृषि र मत्स्यपालनसम्बन्धी छलफललाई महत्व दिएपनि उपलब्धीमुलक हुन नसकेको सहभागी देशका प्रतिनिधिहरूले जनाएका छन् ।

अबु धावीमासम्पन्न १३ औं मन्त्रीस्तरीय सम्मेलनको परिणामले भूराजनीतिक तनाव र आर्थिक मन्दीका बीच सङ्गठनका १६४ सदस्यराष्ट्रहरूबीच तीव्र विभाजनलाई विश्वव्यापी व्यापारलाई जोखिम पारेका बिषयहरूलाई उजागर गरेको छ । वार्तामा सहभागी युरोपेली सङ्घ (ईयू)का एक वरिष्ठ अधिकारीले भन्नुभयो, "विश्व व्यापार सङ्गठनले विश्व व्यापार सङ्कटको सकारात्मक पाटोलाई देखाउनुपर्ने खाँचो थियो ।

सम्भवतः सम्मेलनले विश्व समुदाय अहिलेको अवस्थाबाट अघि बढ्नु गलत हुनेछ भन्ने महसुस गराएको छ ।

समापन पत्रकार सम्मेलनमा बोल्दै एमसी-१३ भेलाका इमिराती अध्यक्ष थानी अल जेयुदीले कमीकमजोरीहरू स्वीकार गर्दै छलफल सोचे अनुरूप निष्कर्षमा पुग्न नसकेको बताउनुभयो ।संयुक्त अरब इमिरेट्स (युएई) का विदेश व्यापारमन्त्री समेत रहेका अल जेयुदीले भन्नुभयो, "हाम्रा धेरै सदस्यका लागि निकै महत्वपूर्ण रहेको सम्झौताका लागि हाम्रो भरमग्दुर प्रयासका बावजुद पनि हामी केही बिषयमा सहमत हुन सकेनौं ।

विश्व व्यापार सङ्गठनका महानिर्देशक नगोजी ओकोन्जो-इवेलाले भन्नुभयो, "मैले सम्झन सक्ने कुनै पनि समयभन्दा बढी अनिश्चितताले भरिएको अन्तर र्ष्ट्रिय पृष्ठभूमिमा वार्ता भएको छ । हामीले केही महत्वपूर्ण कुरा हासिल गरेका छौं र अन्य पूरा गर्न सकेका छैनौं ।" विश्व व्यापार सङ्गठन राष्ट्रहरू बीचको व्यापारको नियमहरू हेर्ने एक मात्र अन्तर्राष्ट्रिय निकाय हो यसलाई सम्झौताहरू तयार गर्न सबै सदस्यहरूको पूर्ण सहमति आवश्यक छ ।

एमसी १३ ले जेनेभामा सन् २०२२ मा भएको मन्त्रिस्तरीय ऐतिहासिक सफलतालाई दोहोऱ्याउने अपेक्षा गरिएको थियो । यसले मत्स्यपालनसम्बन्धी सम्झौता गरेको थियो र सदस्यहरू यस वर्षको अन्त्यसम्ममा विवाद समाधान प्रणाली लाई पुनः स्थापित गर्न सहमत भएका थिए ।तर पछिल्लो मन्त्रिमण्डलले त्यो उद्देश्य पूरा गर्न सकेन ।सम्मेलनको समापनपछि इन्टरनेसनल चेम्बर अफ कमर्शका महासचिव जोन डेन्टनले एक विज्ञप्ति जारी गर्दै भन्नुभएको छ, समग्र प्याकेजको अनपेक्षित कमजोरीका बीच यसले 'वेक अप कल'को रूपमा काम गरेको छ ।

सन् २०२२ मा गैरकानुनी, अघोषित र अनियमित माछा मार्ने कार्यमा अनुदानमा प्रतिबन्ध लगाउने सम्झौतापछि विश्व व्यापार सङ्गठनले क्षमताभन्दा बढी माछा मार्ने अनुदानमा केन्द्रित दोस्रो प्याकेजको निष्कर्ष निकाल्ने अपेक्षा गरेको थियो ।जेनेभास्थित विश्व व्यापार सङ्गठनको मुख्यालयमा हालैका महिनाहरूमा भएको वार्ताले विकासशील देशहरूलाई लचकता र लाभ प्रदान गर्ने दोस्रो मत्स्य सम्झौताका लागि मस्यौदा ल्याउन सक्षम बनाएको थियो ।

# मिनी म्याराथनको उपाधि त्रिभुवन आर्मीका पाललाई

**टुडे समाचारदाता**

चितवन । रोटरी क्लब अफ रत्ननगरले आयोजना गरेको रोटरी मिनी म्याराथनको उपाधि त्रिभुवन आर्मी क्लबका मुकेशबहादुर पालले हात पारेका छन् । उनले निर्धारित दूरी १५ दशमलव चार किलोमिटरको दूरी ४६ मिनेट ३८ सेकेण्डमा पार गरे ।



नारायणगढस्थित नारायणी नदी किनारबाट सुरु भएको दौड रत्ननगरको हरिहर मन्दिर पुगेर टुङ्गिएको थियो । पाललाई उपाधिसँगै नगद रु एक लाख, चाँदीको मेडल र प्रमाणपत्रसहित सम्मान गरियो । प्रतियोगितामा दोस्रो स्थानमा त्रिभुवन आर्मीकै सञ्जय श्रेष्ठ रहे । उनले निर्धारित दूरी ४६ मिनेट ४१ सेकेण्डमा पार गरे । उहाँलाई रु ५० हजार, चाँदीको मेडल र प्रमाणपत्रसहित सम्मान गरियो ।

जुम्लाका दुर्गाबहादुर बुढाले ४६ मिनेट ४२ सेकेण्डमा निर्धारित दूरी पार गर्दै तेस्रो हुनुभयो । उहाँलाई रु २५ हजार, चाँदीको मेडल र प्रमाणपत्रले सम्मान गरियो। त्रिभुवन आर्मीका टङ्क कार्की चौथो र सुवास कार्की पाँचौं भए । उनीहरूले क्रमशः रु १० हजार र पाँच हजार प्राप्त गरे । छैटौंदेखि १० औं स्थानसम्म क्रमशः नागेश्वर अहिर, प्रेमबहादुर बस्नेत, राजेन्द्र तामाङ, खिमबहादुर खत्री र धनु मानन्धर भए । उनीहरूले जनही रु तीन हजार प्राप्त गरे ।

महिलातर्फको पाँच किमी दौडमा सशस्त्रकी फूलमती राना प्रथम भईन् । उनले निधारित दूरी १८ मिनेट १६ सेकेण्डमा पार गरे । उहाँलाई रु २० हजार, चाँदीको मेडल र प्रमाणपत्रले सम्मान गरिएको थियो । दोस्रो भएका त्रिभुवन आर्मीकी सुनसरी रोकायाले १८ मिनेट २७ सेकेण्डमा दूरी पार गरेकी थिईन् । उनले नगद रु १० हजार, चाँदीको मेडल र प्रमाणपत्र प्राप्त गरिन् ।

सशस्त्रकी आशा राउत तेस्रो भईन् । उनले निर्धारित दूरी १८ मिनेट ३३ सेकेण्डमा पार गरिन् । उनले रु पाँच हजार, चाँदीको मेडल र प्रमाणपत्र प्राप्त गरिन् ।

सशस्त्रकै सीमा चौधरी चौथो भइन् । उनले रु तीन हजार, मेडल र प्रमाणपत्र प्राप्त गरिन् । पाँचौं स्थानमा रहनुभएकी स्मिता बुढाले रु दुई हजार पाँच सय, मेडल र प्रमाणपत्र प्राप्त गरिन् । छैटौं स्थानदेखि १०औं स्थानसम्म रहनुहुने क्रमशः अस्मिता भुजेल, नम्रता गुरुङ, वर्षा ओली, सन्ध्या अधिकारी र लक्षिमा डाँगीले रु एक हजार, प्रमाणपत्र र मेडल प्राप्त गरिन् ।

खुल्लातर्फ चेपाङ समुदायका धावकलाई नगद रु दुई हजार र महिलातर्फ दूरी पार गर्ने रु एक हजारसहित सम्मान गरिएको थियो । उनीहरुलाई रोटरी डिष्ट्रिक ३२९२ का गभर्नर राजेन्द्रप्रसाद ध्वजुले सम्मान गरे । क्लबका अध्यक्ष हरिकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मिस नेपाल इन्टरनेशनल २०२२ न्यान्सी खड्का, कार्यक्रम संयोजक विपिन पोखेलगायतले भनाइ राखे ।

प्रतियोगिताको उद्घाटन भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले नारायणी नदी किनारमा गरेका थिए । उनले भरतपुर भ्रमण वर्षलाई टेवा पुर्याउन यस्ता कार्यक्रम महत्त्वपूर्ण रहेको बताए । प्रतियोगितामा सात सय ६५ धावकले सहभागिता जनाएका थिए । जसमध्ये खुलातर्फ चार सय ९४ जनाको सहभागिता थियो । महिलातर्फ दुई सय ७१ जनाले सहभागिता जनाए । जसमध्ये खुलातर्फ ६८ र चेपाङ समुदायका धावक र महिलातर्फ ५४ जनाले सहभागिता जनाएको कार्यक्रमका संयोजक पोखेलले जानकारी दिए ।

# राष्ट्रिय सभामा गतिविधि अघि बढाउन नदिने अडानमा पीटीआई

**एएनआई**

इस्लामाबाद । पाकिस्तानको सत्तारूढ गठबन्धनको कडा आलोचना गर्दै पाकिस्तान तेहरीक-ए-इन्साफका नेता जुनैद अकबरले आफ्नो पार्टीलाई उचित अधिकार प्रदान नगरेसम्म राष्ट्रिय सभाका गतिविधि अघिबढ्न नदिने बताउनुभएको छ ।पूर्व प्रधधानमन्त्री खान निकटस्थ स्वतन्त्र सांसद्हरूको समूह सुन्नी इत्तेहाद काउन्सिल (एसआइसी) सदस्य तथा पीटीआई नेताले संसद्को तल्लो सदनमा आफ्नो भाषणमा राष्ट्रिय सभालाई चल्न नदिने बताउनुभएको हो ।



अकबरले आफूहरूले राष्ट्रिय सभालाई मान्यता नदिएको बताउदै कानून बनाउने तथा अनुमति दिने कुनै पनि कार्य गर्न नदिइने उल्लेख गर्नुभएको छ । इमरान खानद्वारा स्थापित पीटीआईले फेब्रुअरी ८ को आम चुनावको समयमा आफ्नो जनादेश चोरी भएको दाबी गर्दै उक्त चुनावलाई धाँधलीयुक्त चुनावको संज्ञा दिएको छ । निर्वाचन प्रयोजनका लागि बनेको कामचलाउ सरकारले चुनावको दौडानमा समान अवसर अस्वीकार गरेको आरोप लगाएको छ ।

अकबरले पाकिस्तान पिपुल्स पाटी सिन्ध हाउसमा राजनीतिक लेनदेनको बजार स्थापना गरी विधायकहरूको चेतना किनेको जनाउनुभएको छ ।पिटिआईसँगको कथित भेदभावका उल्लेख गर्दै सांसदले मे ९ को घटनाको बहानामा आफ्नो पार्टीको चुनावी चिन्ह 'ब्याट' खोसेको र पटकपटक पार्टीका संस्थापक नेता खानको हत्या प्रयास गरिएको पनि उहाँले बताउनुभयो ।

मे ९ मा पीटीआईका करिब ३४ जना समर्थकको हत्या भएको बताउँदै खानले स्थापना गरेको पार्टीको नेतृत्वविरुद्ध विभिन्न झुट्टा मुद्दा दर्ता गरिएको पनि उहाँले बताउनुभयो । उहाँले आफु र आफ्ना साथीहरूविरुद्ध राजद्रोहको मुद्दा दर्ता गरिएको भन्दै निर्दोष व्यक्तिविरूद्धका सबै मुद्दा खारेज हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

फेब्रुअरी ८ को आम चुनावमा भएको कथित धाँधलीको बारेमा कुरा गर्दै पीटीआई नेता अकबरले धारा ४५ अनुसार हार बेहारेका व्यक्तिलाई सदनमा लगिएको दावी गर्नुभयो ।

संविधानको उल्लङ्घन र देशलाई हानि पुऱ्याएको सत्ताधारी गठबन्धनलाई जवाफदेही बनाउने वाचा पनि उहाँले गर्नुभयो । पीटीआईले सरकार र पाकिस्तानका मुख्य न्यायाधीश काजी फैज इसालाई मे ९ को हिंसाको लाभार्थी पत्ता लगाउन नयाँ अनुसन्धान सुरु गर्न आग्रह गरेको जियो न्यूजले जनाएको छ।

## श्रीलङ्काको पर्यटन क्षेत्रको ४ वर्षमा सबैभन्दा बढी मासिक आम्दानी जनवरीमा

**सिन्ह्वा**

कोलम्बो । श्रीलङ्काको पर्यटन क्षेत्रले गत जनवरी महिनामा ४ वर्षयताकै सबैभन्दा उच्च मासिक आम्दानी गरेको छ।

श्रीलङ्काको केन्द्रीय बैंकले जारी गरेको पछिल्लो तथ्याङ्कअनुसार जनवरीमा ४ वर्षयताकै सबैभन्दा उच्च मासिक आम्दानी भएको हो । केन्द्रीय बैंकको आर्थिक अनुसन्धान विभागले शुक्रबार जारी गरेको प्रतिवेदनमा जनवरी महिनामा मुलुकले पर्यटनबाट ३४२ मिलियन अमेरिकी डलर कमाएको जनाएको छ ।

उक्त आम्दानी सन् २०२० को जनवरीपछिको सबैभन्दा उच्च हो ।

आर्थिक मन्दीग्रस्त श्रीलङ्का पछिल्लो समयमा क्रमशः सुधारको दिशामा अगाडि बढेको छ भने पर्यटनका क्षेत्रमा पनि उल्लेख्य सुधार देखिएको छ ।

# गाजामा गरिएको इजरायली कारबाहीमा नौ हजार महिलाको मृत्यु

**सिन्ह्वा**

संयुक्त राष्ट्रसङ्घ ।सन् २०२३ अक्टोबर ७ मा इजरायलविरूद्ध प्यालेस्टिनी इस्लामिक लडाकू समूह (हमास) ले गरेको आक्रमणको बदलामा गाजामा इजरायली सेनाद्वारा चलाएको हवाई तथा जमिनी कारबाहीमा करिब नौ हजार महिलाहरूको मृत्यु भएको संयुक्त राष्ट्रसङ्घीय महिला कार्यक्रम (यूएन वुमन)ले शनिबार जनाएको छ ।

धेरै महिलाहरू भग्नावशेषमुनि परेको रिपोर्ट गरिएकाले यो आँकडा सम्भवतः कम भएको उक्त निकायले जनाएको छ ।गाजामा युद्धका कारण दैनिक औसत ६३ महिलाको मृत्यु हुने गरेको छ । युद्धले गर्दा प्यालेष्टिनी महिलाहरूले परिवारका अन्य सदस्य गुमाउनु परेको र बाँचेका बालबच्चासमेतलाई असुरक्षाको अवस्था सिर्जना भएको यूएन वुमनले जनाएको छ ।

हरेक पाँचमध्ये चारभन्दा बढी वा ८४ प्रतिशत महिलाले उनीहरूको परिवारले द्वन्द्व सुरु हुनुअघि प्रयोग गरेको आधा वा कम खाना खाने गरेको रिपोर्ट राष्ट्रसङ्घीय निकायले गरेको छ । गाजामा पाँचमध्ये चार अर्थात् ८४ प्रतिशत महिलाले गरेको रिपोर्ट अनुसार उनीहरूका परिवारका सदस्यले गत हप्तादेखि खाना छोड्नु परेको छ ।

# ठमेलमा पर्यटकको चहलपहल बढ्यो

काठमाण्डु । पर्यटकीय याम सुरु हुनैलागेको बेलामा सङ्घीय राजधानी काठमाडौंको मुख्य पर्यटकीय केन्द्र ठमेलमा पर्यटकको चहलपहल सुरु भएको छ।

पदयात्रा र पर्वतारोहणका लागि उपयुक्त याम वसन्त ऋतु सुरु भएसँगै ठमेलका गल्ली, चोक तथा पसलमा बाह्य पर्यटकको चहलपहल देखिन थालेको हो । नेपालमा मार्च, अप्रिल र मे महिनालाई पर्यटकीय यामका रुपमा लिने गरिन्छ ।वसन्त ऋतुको सुरुआतसँगै अनुपम प्राकृतिक विविधताले भरिपूर्ण नेपालको सौन्दर्यको अवलोकनका लागि विश्वका विभिन्न मुलुकबाट पर्यटक आउन थालेका हुन् । सन् २०२० मा विश्वका विभिन्न मुलुकसहित नेपालमा सुरु भएको कोरोना महामारीबाट थलिएको नेपालको पर्यटन क्षेत्रले यो याममा थोरै भए पनि गति लिने अपेक्षा व्यवसायीले गरेका छन् ।

ठमेलको चाक्सिबारीमा अन्तर ार्ष्ट्रियस्तरको आयुर्वेद चिकित्सामार्फत पर्यटकलाई उपचार गर्दै आउनुभएका स्पा सङ्घ नेपालका सचिव एवं जेन स्पाका सञ्चालक रामदेव महतो पछिल्लो समय नेपालको पर्यटन क्षेत्रले सकारात्मक मोड लिएको बताउछन् । “अन्य समयमा दैनिक पाँच/सात जना स्पाका लागि आउनुहुन्थ्यो, पछिल्लो केही दिनदेखि २० देखि २५ जनासम्म आउने गर्नुभएको छ, यो नेपाली पर्यटन व्यवसायीको लागि खुसीको कुरा हो”, उनी भन्छन् ।क्यासिनोसहित काठमाडौंको ठमेलमा सञ्चालित पाँचतारे द मल्ल होटलका फुड एण्ड बेभरेज इन्चार्ज राम पुडासैनी पछिल्लो समय होटलमा बाह्य पर्यटकको संख्या वृद्धि भएको बताउछन् । “पर्यटक याम सुरु भएर होला, मार्च महिनामा ६० प्रतिशतभन्दा बढी होटलका कोठा बुकिङ भएका छन्”, उनी भन्छन् ।



**काठमाडौं महानगरपालिका-२६ का वडाध्यक्ष ख्यामराज तिवारी बाटोमा ढल हाल्दा बाटो बिग्रिएको बताउछन् । एक हप्ताभित्र ठमेलमा बिग्रिएका सडक कालोपत्र गर्ने तयारी महानगरपालिकाले गरिरहेको उनको भनाइ छ । काठमाडौंभित्र भित्रिने ८० प्रतिशतभन्दा बढी पर्यटक ठमेल घुम्नका लागि आउने गरेका छन् । ठमेललाई सफा र सुन्दर बनाउनका लागि महानगरपालिका लागिरहेको वडाध्यक्ष तिवारी बताउछन् ।**

ठमेलमा डेढ दशकदेखि ह्याण्डिक्राफ्टको व्यवसाय गर्दै आएकी नेपाल ह्याण्डिक्राफ्ट कलेक्सनकी सञ्चालक मीनाकुमारी बाँस्तोला पर्यटकीय याम सुरु भएसँगै उलन, पश्मिना, फेल्टलगायतका सामग्रीको व्यापार बढ्ने विश्वास व्यक्त गर्छन्। “कोरोना अगाडिजस्तो व्यापार छैन, पर्यटकको चहलपहलले आशा भने जागेको छ, सायद गत वर्षभन्दा यस वर्ष व्यापार पक्कै राम्रो हुन्छ”, उनी भन्छन् ।ठमेलमा दरबार हेरिटेज होटल सञ्चालन गर्दै आउनुभएका दिनेश ढकाल फ्रेबुअरीदेखि होटलमा पर्यटकको संख्या बढेको बताउछन् । “फेब्रुअरीमा हाम्रो होटलमा समग्रमा भन्दा ७० प्रतिशत हाराहारीमा होटलका कोठा भरिएका थिए, मार्चमा पनि ८० प्रतिशत भरिने आश हामीले लिएका छौं”, ढकाल भन्छन् ।

ठमेल पर्यटन विकास परिषद्का उपाध्यक्ष विमल धमला पछिल्लो समय ठमेलमा बाह्य पर्यटकको चहलपहल बढेको बताउछन्। “पर्यटकीय याम सुरु भएर पनि होला, ठमेलमा यतिबेला पर्यटकको चहलपहल बाक्लोरुपमा देख्न सकिन्छ”, उनी भन्छन्। ठमेल पर्यटन विकास परिषद्का अनुसार ठमेलभित्र दुईहजारभन्दा बढी व्यवसायी आबद्ध छन् ।ठमेलमा पर्यटकको चहलपहल भए पनि ढल र बिजुलीका तार बिच्छाउनका लागि सडक खन्दा पर्यटकलाई हिँडडुल गर्न समस्या भएको छ। ठमेल काठमाडौं महानगरपालिका-१६, १७, २६ र २७ वडामा पर्छ । ठमेलको अधिकाशं क्षेत्र भने २६ नं वडामा पर्छ।

काठमाडौं महानगरपालिका-२६ का वडाध्यक्ष ख्यामराज तिवारी बाटोमा ढल हाल्दा बाटो बिग्रिएको बताउछन् । एक हप्ताभित्र ठमेलमा बिग्रिएका सडक कालोपत्र गर्ने तयारी महानगरपालिकाले गरिरहेको उनको भनाइ छ। काठमाडौंभित्र भित्रिने ८० प्रतिशतभन्दा बढी पर्यटक ठमेल घुम्नका लागि आउने गरेका छन् । ठमेललाई सफा र सुन्दर बनाउनका लागि महानगरपालिका लागिरहेको वडाध्यक्ष तिवारी बताउछन्।

वसन्त ऋतु साहसिक पर्यटनका लागि उपयुक्त समय हो । यो याममा हिमाल र पहाडी डाँडापाखा साथै नदीमा जलयात्राका लागि पर्यटकले रुचाउने गर्दछन् । यस्तै, पर्वतारोहणका लागि पनि नेपाल उपयुक्त मुलुक हो । सर्वोच्च शिखर सगरमाथा, अन्नपूर्ण, मनास्लु, कञ्चनजङ्गालगायतका आठ हजार मिटरभन्दा माथिका हिमशृंखलासमेत नेपालमा रहेका छन्। अधिकांश विदेशीले आरोहणका लागि सगरमाथा नै जान खोज्ने गरेका छन् ।नेपाल पर्यटन बोर्डको तथ्याङ्कअनुसार नेपालमा गत वर्षको तुलनामा यसवर्ष फेब्रुअरी महिनामा बाह्य पर्यटक आउने संख्या उल्लेख्य मात्रामा वृद्धि भएको छ। बोर्डका सूचना अधिकारी एवं निर्देशक मणिराज लामिछाने यस वर्षको फेब्रुअरीमा मात्र नेपालमा विभिन्न मुलुकबाट ९७ हजार ४२६ पर्यटक भित्रिएका छन्।

गत वर्ष सन् २०२३ को फेब्रुअरीमा ७३ हजार दुई ५५ पर्यटक नेपाल भित्रिएका थिए। यो वर्ष फेब्रुअरीमा सबैभन्दा बढी भारतबाट पर्यटक नेपाल भ्रमणमा आएका छन् । बोर्डका अनुसार फेब्रुअरीमा २५ हजार पाँच सय ७८ पर्यटक नेपाल भित्रिएका छन् ।त्यस्तै, चीनबाट नौ हजार एक सय ८०, अमेरिकाबाट नौ हजार ८९, थाइल्याण्डबाट चार हजार सात सय ९९, बेलायतबाट चार हजार पाँच सय ७१, बङ्गलादेशबाट चार हजार ९९, श्रीलङ्काबाट तीन हजार ६ सय ८४ पर्यटक नेपाल आएका छन् । नेपाल भ्रमणमा आउने विदेशी पर्यटकको औसत बसाई १३ दिनसम्म हुने गरेको छ भने दैनिक खर्च ४५ डलरसम्म हुने गरेको पाइन्छ।

# ब्राजिलको ब्रासिलियामा 'एक्स्पो नेपाल २०२४'




**टुडे समाचारदाता**

काठमाण्डु । ब्राजिलको राजधानी ब्रासिलियामा शनिबारदेखि नेपाली दूतावास र रक सिद्धि प्रालिको आयोजनामा ' एक्स्पो नेपाल २०२४' सुरु भएको छ।

ब्राजिलका श्रममन्त्री लेलियो बेन्तेस कोहेयाको प्रमुख आतिथ्यतामा शुभारम्भ भएको उद्घाटन समारोहमा ब्राजिलका पर्यटन उपमन्त्री तथा कार्यकारी सचिव आना कार्ला मचाडो, ब्राजिलका कानुन उपमन्त्री, ब्राजिलको सङ्घीय अदालतका न्यायाधीश, ब्राजिलियन ट्राभल एजेन्सी सङ्घ (अबाब)का अध्यक्ष, ब्राजिल राष्ट्रिय उद्योग परिसङ्घका अध्यक्षलगायतको उपस्थिति रहेको त्यहाँस्थित नेपाली दूतावासले जनाएको छ ।कार्यक्रममा प्रमुख अतिथि ब्राजिलका श्रममन्त्री लेलियोले नेपालको प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदाको प्रशंसा गर्दै दूतावासले आयोजना गरेको यो कार्यक्रमले दुई देशबीच सम्बन्धमा नयाँ आयाम ल्याउने विश्वास व्यक्त गरे।

नेपाली दूतावासको निमन्त्रणामा भएको सो कार्यक्रममा विभिन्न २० भन्दा बढी देशका राजदूतको उपस्थिति थियो । ब्राजिलका लागि नेपाली राजदूत निर्मलराज काफ्लेले नेपाल र ब्राजिलको मैत्रीपूर्ण द्विपक्षीय सम्बन्धबारे चर्चा गरे । उनले एक्स्पो ब्राजिलका नागरिकलाई नेपालसँग जोड्ने माध्यम हुनसक्ने धारणा राखे।

ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) का महासचिव विनोद सापकोटाले एक्स्पोले ब्राजिलका नागरिकलाई नेपाल घुम्नैपर्ने देश हो भनेर जानकारी दिन महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताए । नेपाल ब्राजिलदेखि भौगोलिक दूरीले टाढा भए पनि ठूलो अर्थतन्त्र भएकाले नेपालसँग जोड्न दूतावासले गरेको प्रयास सकारात्मक भएको उनको भनाइ थियो।

नेपाल उद्योग परिसङ्घका महाप्रबन्धक दीपकराज जोशीले नेपाल भौगोलिक र प्राकृतिकरुपमा ब्राजिलजस्तै भएकाले त्यहाँका लगानीकर्तालाई नेपालमा निर्धक्क भएर भ्रमण र लगानी गर्न आग्रह गरे । नेपालका विविध क्षेत्रबारे जानकारी दिने उद्देश्यले आयोजना गरिएको 'एक्सो नेपाल २०२४' मा नेपाली व्यवसायीले २२ प्रदर्शनी कक्ष राखेका छन् । प्रदर्शनी कक्षमा नेपाल घुम्न चाहनेका लागि विभिन्न आकर्षक प्याकेजका साथै नेपाली मौलिक खानाका परिकार, नेपाली गलैंचा र नेपाली कला संस्कृति झल्काउने काठका सामग्री राखिएका छन् । यही मार्च १ देखि सुरु एक्स्पो मार्च ३ तारिखसम्म चल्नेछ।

# गुँरास पदमार्ग निर्माण

**टुडे समाचारदाता**

भोजपुर । भोजपुरको रामप्रसादराईगाउँपालिकाले डाग्बुङ (गुराँस) पदमार्ग निर्माण गरेको छ। प्राकृतिकरुपमा मनोरम क्षेत्रलाई समेटेर डाग्बुङ (गुराँस) पदमार्ग निर्माण गरिएको हो।

यस क्षेत्रमा रहेको नेपालको राष्ट्रिय फूल लालिगुराँसको संरक्षणसँगै आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने लक्ष्यका साथ पदमार्ग निर्माण थालिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्तोष पोखरेलले बताए। यसलाई मुख्य पर्यटन क्षेत्रको रुपमा स्थापित गराउने लक्ष्यका साथ निर्माण थालिएको उनको भनाइ छ। आन्तरिक तथा बाह्य पर्यटकको आवगमन बढाएर आर्थिक स्रोतको रुपमा जोड्न यहाँ पदमार्ग निर्माण गरिएको हो ।“गुराँसको संरक्षणसँगै यो क्षेत्रलाई पर्यटकीय गन्तव्यको रुपमा स्थापित गराउने उद्देश्यले पदमार्ग निर्माण गरिरहेका छौं”, प्रमुख प्रशासकीय अधिकृत पोखरेलले भने, “यो प्राकृतिकरुपमा निकै सुन्दर क्षेत्र रहेकाले यसको विकासमा हामीले जोड दिएका छौं । यसलाई गाउँपालिकाको मुख्य पर्यटकीय गन्तव्य बनाउने हाम्रो लक्ष्य छ।”



पदमार्ग निर्माणमा नेपाल जलवायु नमूना कार्यक्रमअन्तर्गत गत आर्थिक वर्षमा रु ३४ लाख खर्च गरिएको गाउँपालिकाले जनाएको छ। यस वर्ष पनि सोही कार्यक्रमको रु २० लाख बजेटबाट काम निरन्तर भइरहेको छ। यहाँ पर्यटन मन्त्रालयबाट रु १५ लाख बजेट प्राप्त भएको गाउँपालिकाले जनाएको छ । रामप्रसादराई गाउँपालिका-१ ओखेमा निर्माण भइरहेको यो स्थानलाई आधार बनाएर आन्तरिक पर्यटन सर्किट निर्माण गर्ने लक्ष्यका साथ काम भइरहेको गाउँपालिकाका अध्यक्ष थामबहादुर राईले बताए । हाल ओखे बजारबाट करिब ६ किलोमिटर पदमार्ग निर्माण भएको उनले बताए। पदमार्ग वडा नं ४ मा रहेको धार्मिक तथा पर्यटकीय क्षेत्र चुलाचुलीसम्म जोड्ने योजना रहेको छ।

“हामीले अहिले डाग्बुङ पदमार्ग निर्माण गरिरहेका छौं”, अध्यक्ष राईले भने, “यो स्थान प्राकृतिक हिसाबले निकै राम्रो सम्भावना बोकेको क्षेत्र हो। गाउँपालिकाभित्रका सबै पर्यटकीय क्षेत्रलाई समेटेर आन्तरिक पर्यटन सर्किट निर्माण गर्ने योजनाका साथ काम गरिरहेका छौं ।”पर्यटकलाई लक्षित गरेर यहाँ करिब एक सय रोपनी क्षेत्रमा चिया खेती विस्तार थालिएको अध्यक्ष राईले बताए। यहाँ आउने पर्यटकलाई लक्षित गरेर घरबास (होमस्टे) निर्माण गरिने छ। आउने पर्यटकलाई लक्षित गरेर आवश्यक संरचना निर्माणको काम भइरहेको उनको भनाइ छ। यसलाई बृहत् मुन्दुम ट्रेलसँग जोड्ने लक्ष्य रहेको अध्यक्ष राईले बताए।

“लालीगुँरासको संरक्षणसँगै यो क्षेत्रको बृहत्तर पर्यटन विकासमा जुटेका छौं”, अध्यक्ष राईले भने, “हाम्रो पालिकामा धेरै ऐतिहासिक, धार्मिक तथा पर्यटकीय क्षेत्र रहेका छन् । यी क्षेत्रलाई पर्यटनसँग जोडेर आर्थिक स्रोतको रुपमा विकास गर्ने योजना छ। यो डाग्बुङ पदमार्गलाई अन्तर ार्ष्ट्रिय क्षेत्रमा चिनाउने लक्ष्यका साथ काम गरिरहेका छौं।”

लाँलीगुराँससँगै फाटिला पहाडका चौरहरुले पर्यटकको मन लोभ्याउने गरेको छ । यहाँ आउने पयर्टकले प्राकृतिक दृश्यको अवलोकन गर्दै आनन्द लिन सक्ने अध्यक्ष राईको भनाइ छ । यहाँबाट अग्ला हिमशृङ्लासँगै तराईका सुन्दर भू-भागको अवलोकन गर्न सकिन्छ। किरात भाषामा डाग्बुङअर्थात् गुराँस भनेर यो पदमार्गको नामाकरण गरिएको हो । लालिगुराँस फुलेको समयमा यहाँ घुम्ने आउने पर्यटकको आवतजावत बढेको स्थानीयवासी गोविन्द भुजेलले बताए । यहाँबाट सगरमाथा, मकालु कञ्चनजङ्गलगायतका ठूला हिमशृंखलाको दृश्यवलोकन गर्न सकिने भुजेलको भनाइ छ। पदमार्ग निर्माणले यहाँ आन्तरिक तथा बाह्य पर्यटकको संख्या बढेकाले व्यापार व्यवसायसमेत बढ्दै गएको उनको भनाइ छ। डाग्बुङ पदमार्ग निर्माणले आन्तरिक तथा बाह्य पर्यटकको संख्या बढेको छ । स्थानीय परिकारको स्वाद लिँदै प्राकृतिक मनोरञ्जन लिन यहाँ आउने गरेका छन्।

# हावाहुरी र लम्पी स्किनबाट किसान प्रभावित

**टुडे समाचारदाता**

ढोरपाटन । बागलुङको तमानखोला गाउँपालिकाले विभिन्न प्रकोपबाट प्रभावित बनेका किसानलाई राहत दिन थालेको छ । गाउँपालिकाले लम्पी स्किन र हावाहुरीबाट प्रभावित किसानलाई राहत दिन थालेको हो।

गत असारमा फैलिएको लम्पी स्किन रोगबाट करिब तीन पशुचौपाया मरेका थिए भने भदौ १८ गतेको हावाहुरीले सात सय रोपनी क्षेत्रफलमा लगाइएको मकै बाली नष्ट भएको थियो । गाउँपालिकाले लम्पी स्किन सङ्क्रमणबाट मरेकाप्रति पशुको रु दुई हजार पाँच सय र हावाहुरीबाट क्षति व्यहोरेका प्रतिकिसानलाई एक/एक मुरी मकै उपलब्ध गराउन थालेको छ।

गाउँपालिकाका पशु शाखा प्रमुख यामकुमारी घर्तीले पालिका भर दुई सय ९५ पशुचौपाय लम्पी स्किन सङ्क्रमणबाट मरेको हुँदा तथ्याङ्क सङ्कलन गरेर राहत वितरण भइरहेको बताए । पहिलो चरणमा दुई सय ५६ किसानलाई रु छ लाख ४० हजार उपलब्ध गराइसकिको जनाउँदै बाँकी ३९ जनालाई वितरण गर्ने प्रक्रियामा रहेको घर्तीले बताए।

लम्पी स्किन सङ्क्रमणबाट सबैभन्दा बढी गोरु मरेको जनाउँदै गाई र भैंसीमा पनि यो समस्या देखिएपछि गाउँपालिकाले समयमै सङ्क्रमण नियन्त्रणमा लिन सफल भएको उनले बताए । सङ्क्रमणबाट पुश गुमाएका किसानलाई गाउँपालिकाले कूल रु सात लाख ३७ हजार पाँच सय उपलब्ध गराएको प्रमुख घर्तीले जानकारी दिए। उनले भने, “लम्पी स्किन सुरुमा खासै फैलिएको थिएन, पछि-पछि फैलिँदै गयो, गाउँपालिकाले तत्कालै त्यसविरुद्ध खोप लिएर बुकीसम्म पुगेर लगाएको थियो, खोप लगाएपछि सङ्क्रमण नियन्त्रणमा आयो, ठूलो क्षति हुन पाएन, पशुचौपाया मरे पनि हामीहरु किसानको गोठमै गएर तथ्याङ्क सङ्कलन गर्यौं र अहिले राहत दिएका छौं, ३९ किसानलाई केही दिनमै दिने तयारीमा छौं।”



गाउँपालिकाका कृषि शाखा प्रमुख सन्देश पराजुलीले हावाहुरीबाट प्रभावित पाँच सय किसानलाई राहत दिने तयारीमा रहेको बताए। प्रतिपीडितलाई गाउँपालिकाले एक/एक मुरी मकै वितरण गर्ने उनको भनाइ छ । गाउँपालिकाले स्थानीय जातको मकै वितरण गर्ने पराजुलीले बताए । उहाँका अनुसार पाँच सय किसानलाई पाँच सय मुरी मकै वितरण गरिने छ।

गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले किसानको समस्यालाई थोरै भए पनि समाधान गर्नका लागि राहत दिन थालिएको बताए । पालिकाले कृषि क्षेत्रलाई मुख्य प्राथमिकतामा राखेर काम गर्दै आएको उनको भनाइ छ। किसानलाई समय-समयमा समस्या पर्ने हुँदा बाली बीमा, पशु बीमालगायत कार्यक्रम सञ्चालन गर्न थालेको अध्यक्ष बुढा मगरले बताए।

# बेनी-मालढुङ्गा सडक दैनिक चार घण्टा बन्द

**टुडे समाचारदाता**

म्याग्दी । म्याग्दी र मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी-मालढुङ्गा सडक स्तरोन्नतिका लागि शनिबारदेखि दैनिक चार घण्टा बन्द गर्न थालिएको छ।

मालढुङ्गा-बेनी सडक निर्माणको कामलाई सहज रुपमा गति दिन शनिबारदेखि यही फागुन २४ गतेसम्म बिहान ११ देखि अपराह्न ३ बजेसम्म सवारी साधन आवतजावत बन्द गरिएको हो । बेनी-जोमसोम-कोरला सडक आयोजनाका सूचना अधिकारी विष्णु चापागाईंले मालढुङ्गामा पहाड काटेर सडक विस्तार गर्नका लागि सवारी साधन आवतजावत बन्द गरेर डोजर परिचालन गर्न थालिएको जानकारी दिए।



सवारी साधनको चापले सडक विस्तारको काम प्रभावित र दुर्घटनाको जोखिम बढेपछि बेनी-जोमसोम-कोरला सडक आयोजना र निर्माण कम्पनी एपेक्स-खड्का कृष्ण जेभीले जिल्ला प्रशासन कार्यालयमा समय व्यवस्थापनको प्रस्ताव गरेको थियो । बेनी-मालढुङ्गा सडक बन्द हुने समयमा बेनी-रत्नेचौर-बागलुङ हुँदै मालढुङ्गा जोड्ने वैकल्पिक सडक प्रयोग गर्न सकिनेछ । कुश्मा नगरपालिका-१ मा पर्ने मालढुङ्गादेखि जलजला गाउँपालिका-८, ७, ४ र ३ हुँदै म्याग्दीको सदरमुकाम बेनी जोड्ने १३ किलोमिटर सडक विस्तार, सुधार गरी दुई लेनको बनाउन काम भइरहेको छ। मालढुङ्गा-बेनी सडक चीन र भारत जोड्ने नेपालको सबैभन्दा छोटो सडक कालीगण्डकी करिडोरअन्तर्गत पर्छ। विसं २०७७ चैतमा रु ५२ करोड ८६ लाखमा ठेक्का सम्झौता गरेको निर्माण कम्पनीले विभिन्न खण्डमा मजदुर र उपकरण परिचालन गरेर सडक विस्तार, पर्खाल र नाली निर्माणको काम गरिरहेको छ।

हाल कालोपत्रसहित करिब छ मिटरको हाराहारीमा रहेको सडकलाई नौ मिटर चाक्लो बनाएर एक मिटरको नाली र दुई लेनमा आठ मिटर चौडाइका दरले अमेरिकी आक्सपाल्ट प्रविधिको कालोपत्र गर्न लागिएको हो। विसं २०४८ 'कामका लागि खाद्यान्न' कार्यक्रमअन्तर्गत सुरु गरेर २०५२ मा सो मार्ग खुलेको र २०६८ मा कालोपत्र भएको मालढुङ्गा-बेनी सडक पछिल्लो समय जीर्ण अवस्थामा थियो।

सहायक सडक र पाखोबाट खस्ने पहिरो तथा खोलामा आउने बाढीले सवारी साधन आवतजावत प्रभावित हुने गरेका छन् । बर्खामा पहिराले दैनिकजसो अवरुद्ध हुने सडकमा यात्रा गर्दा धेरै समय लाग्ने, गाडी परिवर्तन गर्दा झन्झट हुने, दुर्घटनाको जोखिम र सास्ती भएको छ। म्याग्दी र मुस्ताङका साथै पर्वतको जलजला गाउँपालिकाका बासिन्दाले प्रयोग गर्ने मालढुङ्गा-बेनी सडक पर्यटकीय, व्यापारिक र धार्मिक हिसाबले सम्भावनायुक्त छ।

# 'प्रादेशिक ललितकला प्रदर्शनी'

**टुडे समाचारदाता**

अत्तरिया। कैलालीको धनगढीमा सुदूरपश्चिम 'प्रादेशिक ललितकला प्रदर्शनी' हुने भएको छ। नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान र सुदूरपश्चिम प्रज्ञा-प्रतिष्ठानको संयुक्त आयोजनामा यही फागुन २० गतेदेखि २४ गतेसम्म 'प्रादेशिक ललितकला प्रदर्शनी' हुन लागेको हो।

ललितकला प्रदर्शनीको सम्पूर्ण तयारी पूरा भएको तथा प्रदर्शनीमा दुई सयबढी कलाकारका कलाकृति प्रदर्शनीमा रहने सुदूरपश्चिम प्रज्ञा-प्रतिष्ठानका उपकुलपति डा टीएन जोशीले जानकारी दिए।

उनले भने, “आइतबारदेखि सुरु हुने प्रदर्शनीको तयारी पूरा भएको छ । प्रदेशका नौ वटै जिल्लाका करिब दुई सयबढी कलाकारका कलाकृति हामीकहाँ आइसकेका छन्। रानाथारु कला संस्कृतिका पनि कलाकृति प्रदर्शनीका लागि आएका छन् ।”सुदूरपश्चिम प्रदेशमा पहिलो पटक हुन लागेको ललितकला प्रदर्शनीमा पाँच वटा विधा रहेका जोशीले जानकारी दिए। उनका अनुसार पाँच विधाहरुमा हस्तकला, चित्रकला, मूर्तिकला, वास्तुकला र लोककला रहेका छन्।

प्रदर्शनीबाट एउटा विधाबाट तीन कलाकारका कलाकृति छनोट गरेर राष्ट्रिय ललितकला प्रदर्शनीमा लगिने उपकुलपति डा जोशीको भनाइ छ । प्रदेशका विभिन्न ठाउँमा लुकेर रहेका कलाकृतिलाई उजागर गर्ने उदेश्यले 'प्रादेशिक ललितकला प्रदर्शनी' गर्न लागिएको उनले बताए। “यहाँ धेरै कलाकृति लुकेर बसेका छन्। प्राथमिकता पाएका छैनन्। यहाँका कलालाई राष्ट्रिय,अन्तर्राष्ट्रियस्तरमा चिनाउने हाम्रो मुख्य उद्देश्य हो”, उपकुलपति डा जोशीले भने, “पहिलो पटक भएकाले प्रदेशभरि नै सबै ठाउँमा भ्याउने प्रयास गरेका छौं । सबै क्षेत्रमा पुग्ने हाम्रो प्रयास सफल नभए पनि समग्रमा सफल नै भएका छौं। धेरै कलाकारका कलाकृति समेटिएका छन्। अर्को वर्षदेखि दायरा बढाउँदै लैजान्छौं।”

**ललितकला प्रदर्शनीको सम्पूर्ण तयारी पूरा भएको तथा प्रदर्शनीमा दुई सयबढी कलाकारका कलाकृति प्रदर्शनीमा रहने सुदूरपश्चिम प्रज्ञा-प्रतिष्ठानका उपकुलपति डा टीएन जोशीले जानकारी दिए ।**

सङ्घीयताको मर्मअनुसार प्रदेशस्तरमा गएर ललितकला प्रदर्शनी गर्न लागिएको प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले बताए। “पहिले केन्द्रमा प्रदर्शनी आयोजना गर्दा प्रदेशबाट तीन/चार वटा मात्रै कलाकृति प्रदर्शनीमा जान्थे। भौगोलिक विकटता, आर्थिक अभावका कारण सबै जान सक्दैनथे”, उनले भने, “प्रदेशमै गएर कलाकार छनोट गर्दा राज्यको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अवधारणाअनुसार संस्कृति पनि समावेशी र समानुपातिक हुने भएकाले प्रदेशमै प्रदर्शनी गर्न लागेका हौं।”

विभिन्न जातजाति, समुदाय, क्षेत्रका कलासंस्कृति समावेश भएमात्रै राष्ट्रिय संस्कृति हुन्छ भन्ने अर्थबाट प्रदेशस्तरीय कला प्रदर्शनी गरेर जनसमुदायस्तरबाटै कलाकार छनोट गर्न लागिएको कुलपति हार्तम्छालीको भनाइ छ।

# ‘उखु किसानको पलायन रोक्न सक्नुपर्छ’

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका उखु उत्पादक किसानले उखु खेतीबाट बढीभन्दा बढी लाभ लिने अवस्था निर्माण नगरे कृषकको पलायन रोक्न नसकिने बताएका छन् । त्यसलाई रोक्न सरकारले तत्काल योजनाबद्धरूपमा काम गर्नुपर्ने उनीहरूको सुझाव छ ।



कृषि विभाग हरिहर भवन, ललितपुरले शुक्रबार जनकपुरधाममा आयोजना गरेको उखु उत्पादनका समस्या पहिचान तथा कार्यविधिसम्बन्धी अन्तक्रियामा किसानले हालकै अवस्था कायम रहे धेरैले सो खेती छोड्ने निष्कर्षमा पुगेको बताएका छन् । कृषि उत्पादक किसान एवं उखु तथा चिनी विकास समितिका पूर्वअध्यक्ष रामचन्द्र सिंह कुशवाहले उखु किसानले श्रमको मूल्य पाउन सधैँ आन्दोलन गर्नुपर्ने, मूल्य निर्धारण प्रणालीले उद्योगी मोटाउने तर किसान मारमा पर्ने अवस्था कायम रहेकाले त्यसलाई सच्याउनुपर्ने बताए । हाल चिनी बन्ने सम्भावित दरका आधारमा मात्रै मूल्य निर्धारण भइरहेकाले अन्य कच्चा पदार्थलाई समेत मध्यनजर गरी मूल्य निर्धारण प्रणाली विकास गर्नुपर्ने उनको भनाइ छ ।

“उखुबाट चिनी बन्ने सम्भावित दर करिब १० प्रतिशत मात्रै भए पनि ६० प्रतिशतभन्दा बढी पानी तथा अन्य कच्चा पदार्थ प्रयोग हुने अवस्था छ । किसानका लागि भने चिनी बन्ने दरका आधारमा मात्रै मूल्य निर्धारण गरिन्छ । त्यो परम्परागत मूल्य निर्धारण प्रणाली फेर्नुपर्छ”, कुशवाहले भने, “अन्यथा जनशक्तिको अभाव, मूल्यका लागि सधैँ आन्दोलन गर्नुपर्ने अवस्था, कम उत्पादकत्वजस्ता कारणले किसान बाली परिवर्तन गर्न बाध्य छन् । त्यो क्रम थप बढ्न नदिन सरकारले सोहीअनुसार काम गर्नुपर्छ ।”

न्यून उत्पादकत्व, उच्च खेती लागत, उखुको न्यून गुणस्तर, सामाजिक-आर्थिक र नीतिगत बाधालाई समाधान गरेर जानसके मात्रै किसानको पलायनलाई रोक्न सकिने कुशवाहले बताए ।

अर्का उखु किसान प्रमोदकुमार सिंहले ऋण काढेर उत्पादन गर्ने तर उधारोमा बेच्नुपर्ने झन्झटबाट सधैँका लागि मुक्ति पाउन आफूहरू बाली बदल्न बाध्य भइरहेको बताए । उनी भन्छन्, “भुक्तानीका लागि आन्दोलन गर्नुपर्ने अवस्था कायमै छ । काम गर्ने जनशक्ति छैन । सरकारसँग लागत घटाउने दीर्घकालीन योजना छैन । अनि सधैँ समस्या भोगेर कति बस्नु !”

उखु उत्पादक किसान वीरेन्द्र कुशवाहले पनि उन्नत जातको बीउ, सिँचाइ, आधुनिक प्रविधि र उत्पादकत्व बढाउने गरी सहयोग गर्न आग्रह गरे । “लागतअनुसार उपलब्धि छैन । मल, बीउ, कृषि सडक, सिँचाइ र समयमा भुक्तानी नपाउनु हामी उखु किसानका स्थायी समस्या छन् । पछिल्लो समय सरकारले प्रोत्साहनका लागि नगद अनुदान दिने र अन्य कार्यक्रम ल्याउने काम त गरेको छ तर त्यसले पनि लागत धान्न सकेन । त्यसैले किसान बाली फेर्दैछन्”, उनले भने ।

कार्यक्रममा कृषि विभागका महानिर्देशक डा हरिबहादुर केसीले सरकारले उखु उत्पादन तथा प्रशोधनले तराई मधेश क्षेत्रका नागरिकको जीविकोपार्जन तथा आयस्तर वृद्धि र राष्ट्रिय अर्थतन्त्रमा बर्सेनि १७ अर्बभन्दा बढी प्रत्यक्ष योगदान गरिरहेकाले यसलाई थप प्रोत्साहन गर्ने नीतिअनुसार सरकारले काम गरिरहेको बताए । सोही नीतिअनुसार विगतमा औद्योगिक बाली विकास कार्यक्रमबाट उखु बीउ सेट, कृषि औजार उपकरण, विषादी अनुदानमा वितरण र हाल राष्ट्रिय उखु बाली अनुसन्धान कार्यक्रम जितपुर र कृषि विभागमार्फत कार्यक्रम सञ्चालन भइरहेका, अनुदान रकम कृषकको खातामा जम्मा गर्नका लागि उखु कृषकलाई अनुदान दिनेसम्बन्धी कार्यविधि कार्यान्वयन, कृषकको लगत सङ्कलनलगायत काम सँगसँगै अगाडि बढिरहेका छन् ।

“कार्यविधिलाई थप व्यवस्थित र प्रभावकारी बनाउन सुझाव सङ्कलनको काम भइरहेको छ । उखु किसानको समस्यालाई मध्यनजर गरी थप प्रोत्साहन गर्न उन्नत जातको उखु विकास, सिँचाइ, मलखाद तथा यान्त्रिकरणमा सहयोग र उद्योगको स्तरवृद्धि गरी चिनीको उत्पादन बढाउनुपर्ने छ । त्यसमा पनि मन्त्रालय र विभागले काम गरिरहेको छ”, डा केसीले आश्वस्त पारे ।

नेपालमा व्यवसायिकरूपमा उखु खेती हुने १५ जिल्लामध्ये सात जिल्ला र देशभरि रहेका १६ ठूला चिनी उद्योगमध्ये आठ उद्योग मधेश प्रदेशमा मात्रै छन् । देशका सात प्रदेशमा जम्मा ६२ हजार पाँच सय ६७ हेक्टर क्षेत्रफलमा उखु खेती हुने गरेकामा मधेश प्रदेशले त्यसको ६८ प्रतिशत हिस्सा अर्थात् ४२ हजार छ सय ९६ हेक्टर क्षेत्रफल योगदान गरिरहेको छ ।

त्यसैगरी देशभर उत्पादन हुने भनिएको उखुमध्ये ६६ प्रतिशतभन्दा बढी हिस्सा मधेशकै रहेको तथ्याङ्क छ । उत्पादकत्व भने यहाँ ४९ दशमलव ०४ प्रतिशत मात्रै छ । मलखाद, उन्नत जातको बीऊ, प्रविधि र दक्ष जनशक्तिको अभाव, उच्च लागत, न्यून मूल्य, उधारोमा कारोबार र उधारो उठाउन सधैँ आन्दोलनको अवस्था सिर्जना हुने अवस्था नबदलिएपछि यहाँका किसान निराश छन् ।

एकपल्ट उखु लगाएपछि तीन वर्षसम्म त्यसैबाट आम्दानी गर्न सकिने र गोडमेल गर्नुपर्ने समस्या खासै नहुने हुँदा विगतमा यहाँका किसानको आकर्षण यसतर्फ उल्लेख्य थियो । तर उद्योगीसँगको झगडा, भुक्तानी समयमा नपाउने, लागत धेरै तर न्यून उत्पादकत्व, उत्पादित उखुबाट चिनी बन्ने दर नौ प्रतिशत मात्रै, आयातित र नेपालमा उत्पादन भएको चिनीको मूल्यमा सामजस्यता नहुँदा बजार असन्तुलन, उन्नत प्रविधि ग्रहण गर्ने क्षमतामा कमी, प्राविधिक ज्ञानमा कमी, सञ्चालनमा रहेका मिल पूर्ण क्षमतामा सञ्चालन हुननसक्नु, पूर्ण क्रसिङ क्षमताअनुसारको परिमाणमा उखु उपलब्ध नहुनु र चिनी मिलबीच अस्वस्थ प्रतिस्पर्धालगायत कारणले यस क्षेत्रले समस्याको सामना गरिरहनुपरेको छ ।

# जनकपुरधाममा स्मार्ट स्कुल स्थापना

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको राजधानीमा फेरि पनि निजी स्तरबाट स्मर्ट संस्थागत विद्यालय सञ्चालनमा आएको छ ।




केही दिन यता जनकपुरधाममा सञ्चालनमा आएका विद्यालयहरुको बीचमा यहाँका बालबालिकाको भविष्यलाई केन्द्रित गरी विज्डम ट्री इन्टेरनेशनल स्कुल स्थापना गरिएको छ ।

जनकपुरधाममा शनिबार पत्रकार सम्मेलनको आयोजना गरी विज्डम ट्री इन्टेरनेशनल स्कुलका सञ्चालक गौतम अग्रवालले स्थानीयस्तरमा शिक्षाको गुणस्तरीयता खस्किरहेको अवस्थामा सेवाभावले स्मार्ट स्कुल सञ्चालनमा ल्याएको जानकारी दिए । उनले न्यूनतम शुल्कमा अध्ययन गराइने जानकारी दिए। सञ्चालक अग्रवालले यहाँका विद्यार्थीहरुलाई चाहिने प्रविधिको अभावका कारण बालबालिकाले चाहेका अनुसारको अध्ययन गर्नबाट बञ्चित हुने गरेको र विज्डमले त्यसलाई पूरा गर्ने विश्वास व्यक्त गरे । अग्रवालले भने-‘बालबालिकाले चाहेको भन्दा फरक गरियो भने त्यसमा उनीहरु राम्रो परफरमेन्स दिन नसक्ने भएकाले उनीहरुलाई स्वच्छ बातावरणमा अध्ययन अध्यापन र विद्यालयको वातावरण समेत अनुकूल गर्न विज्डम प्रफेक्ट सावित हुनेछ ।’

प्राध्यापक डिजो जेकेले अनुभुवी शिक्षक शिक्षिकाबाट अध्ययन अध्यापन गराइने र प्रत्येक कक्षाकोठामा ३६ जना विद्यार्थीले पढ्ने व्यवस्था गरिएको बताए ।

उनले प्रत्यके कक्षाकोठामा डिजिटल प्रविधिबाट अध्ययन अध्यापन गराइने हुनाले लेख्ने बोर्ड र हेर्नका लागि टिभीको समेत व्यवस्था रहेको बताए ।

सो पत्रकार सम्मेलनमा प्रध्यापक गोपाल दत्त, संचालक समितिका सदस्य इश्वरधन सर्राफ र स्थानीय शिक्षक लबकुमार झाको समेत उपस्थिति रहेको थियो ।

# समाजको दशौँ वार्षिकोत्सव
## १२१ औं श्रृंखलामा कवि गोष्ठी आयोजना

**टुडे समाचारदाता**

जनकपुरधाम । मैथिली साहित्य समाजले दशौँ वार्षिकोत्सवको समारोहमा कवि गोष्ठी आयोजना गरि मनाएको छ ।



जनकपुरधाममा शनिबार दशौँ वार्षिकोत्सव समारोहको अवसरमा कविगोष्ठी गरेको छ । मैथिली साहित्य समाजको आयोजनामा गरेको कवि गोष्ठीमा दर्जनभन्दा बढी कविहरु सहभागि भएको छ ।

वरिष्ठ साहित्यकार अयोध्यानाथ चौधरीको अध्यक्षतामा भएको कवि गोष्ठी समारोहको प्रमुख अतिथि पूर्व स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री डा. सुरेन्द्र यादव, विशिष्ठ अतिथि रोशन जनकपुरी, वरिष्ठ अधिवक्ता श्याम कुमार मिश्रलगायतका वक्ताले कवि काशिकान्त झाको संयोजकत्वमा हुँदै आएको कवि गोष्ठीको प्रशंसा गर्दै शुभकामना दिए ।

वक्ताहरुले समाजले विगत दस वर्षदेखि संचालन गर्दै आएको आफ्नो इतिहासस्वरुप प्रारम्भकालदेखि हालसम्म वाचन गरिएको सृजनाहरुलाई पुस्तकका रुपमा प्रकाशन गर्न सुझाए ।

सो गोष्ठीमा कविहरु दिगम्बर झा दिनमणि, देवीकान्त मिश्र, हिमांशु चौधरी, वैद्यनाथ पासवान, विजय यादव, मनोज प्रमेश, विन्दु ठाकुर, किरण झा, प्रमोद झा, दीपक झा, भारती चौधरी, नवीन मिश्र, काशीकान्त झा रसिक, लालजी ठाकुर, प्रियमभ ा, शिवानी मिश्र, हेमा साह, नरेश ठाकुर, अमरकान्त अमर, सन्तोष कर्णलगायतकाहरुले कविता वाचन गरेका थिए ।

# सुके पोखरी भौँतारिन्छन् प्यासी जन्तु



**टुडे समाचारदाता**

गौर । वन्यजन्तुलाई सहज रूपमा खानेपानी उपलब्ध गराउने उद्देश्यले रौतहटको वन क्षेत्रभित्र बनाइएका पोखरी पानीविहीन भएपछि प्यासी जनावर पानीको खोजीमा भौँतारिन बाध्य छन् ।

वन्यजन्तु पानी र आहाराको खोजीमा मानव बस्तीमा नआउन् भनेर रौतहटको वन क्षेत्रमा बनाइएका ११ वटै पोखरीमा पानीको थोपा नभएपछि वन्यजन्तु पानीका लागि भौँतारिँदै नजिकको नदीखोला र बस्तीमा समेत प्रवेश गर्छन् । सिमसार व्यवस्थापन कार्यक्रम अन्तर्गत जिल्लाको बागमती सामुदायिक वन चन्द्रपुर-१ को वन क्षेत्रमा एउटा, नमुना सामुदायिक वन चन्द्रपुर-२ को वन क्षेत्रमा दुई वटा, खोरकटी सामुदायिक वन क्षेत्रमा एउटा पोखरी निर्माण गरेको थियो ।

यसै गरी धन्सार चक्ला वन क्षेत्रमा एउटा, रङ्गपुर साझेदारी वन क्षेत्रमा चार वटा, जङ्गलसहिया साझेदारी वन क्षेत्रमा दुई वटा गरी ११ वटा पोखरी खनेको डिभिजन वन कार्यालय रौतहटका सूचना अधिकारी विमल ठाकुरले जानकारी दिए ।

उनका अनुसार सिमसार व्यवस्थापन कार्यालयले आर्थिक वर्ष २०७६-७७ मा छ वटा र २०७७-७८ मा पाँच वटा गरी ११ वटा पोखरी निर्माण गरेको थियो । अहिले कुनै पनि पोखरीमा पानी छैन ।

पानीको स्रोत नै नभएको ठाउँमा पोखरी निर्माण गरिएकाले पोखरी पानीविहीन भएको सरोकारवाला बताउँछन् । पोखरीमा घाँस र बुट्यान सप्रिएको देखिन्छ । पोखरी पुरिएर समतल भइसकेका छन् । चन्द्रपुर-२, जुडीबेलाका किसान अशोक राई भन्छन्, “बढ्दो गर्मीसँगै वन्यजन्तु गाउँ पस्न थालेका छन् ।”

डिभिजन वन कार्यालयले दिएको जानकारी अनुसार चन्द्रपुर नगरपालिका-१ को पौराई र ब्रह्मस्थान क्षेत्र २ को जुडीबेला, पौराई र फूलबारी-३ को गैँडाटार र भोलनटार- ४ को जङ्गलटोल, ५ को राजपैडा, ६ को डाबरीटोललगायतका गाउँमा हरिण, बँदेल, नीलगाईं, हात्ती, बाँदरलगायतका वन्यजन्तु प्रवेश गर्न थालेका छन् । जनावरबाट मानवीय क्षति नभए पनि अन्नबाली, तरकारी बाली र दलहन बालीमा क्षति पुगेको गैँडाटारका युवा समाजसेवी सन्तोष चौहानले बताउछन् ।

डिभिजन वन कार्यालयका प्रमुख शैलेन्द्र मिश्रले भने, “रौतहटको वनमा विभिन्न प्रकारका वन्यजन्तु त छँदै छन् तर जिल्लाको पश्चिमतर्फ बाराको वन क्षेत्रसँग जोडिएको पर्सा राष्ट्रिय निकुञ्जबाट समेत यस जिल्लामा वन्यजन्तु चरन गर्न आउँछन् । गर्मीको मौसम छिप्पिँदै गर्दा वन्यजन्तु पानीका लागि वनमा भौँतारिन्छन् । पानी कतै नपाएपछि नदीखोला खोज्दै बस्तीनजिक पुग्छन् र जनधनको क्षतिसमेत हुन जान्छ ।” पोखरी मर्मत तथा पानी व्यवस्थापन गर्न कुनै किसिमको बजेट नआएका कारण पोखरी अलपत्र छन् ।

# विदाको दिनमा पनि खोप अभियान जारी



**टुडे समाचारदाता**

जनकपुरधाम । विदाको दिनमा पनि जनकपुरधाम उप-महानगरपालिकाले खोप अभियान जारी राखेको छ । शनिवारका दिन जनकपुरधामको भाटभटेनीमा बढी भीडभाड रहने भएकाले त्यहाँ खोप केन्द्र स्थापना गरी उप-महानगरका कर्मचारीहरुले लक्षित बालबालिकाहरुलाई खोप लगाएका छन् ।

मुलुकमा संचालनमा रहेको दादुरा-रुबेला खोप अभियान अन्तर्गत जनकपुरधाममा शनिवार सम्म ५५ हजारभन्दा बढी बालबालिकाले खोप लगाइ सकेका छन् । उपमहानगरपालिकामा ८८ हजारभन्दा बढी बालबालिका रहेका छन् ।

जनकपुरधाम उपमहानगरपालिका अन्तर्गतको स्वास्थ्य शाखा प्रमुख नवीन कुमार मिश्रले दिएको जानकारी अनुसार अहिलेसम्म यस अभियान अन्तर्गत जनकपुरधाममा ८८ हजार ६ सय ५१ मध्ये ५५ हजार ६ सय ६६ जना विद्यार्थीसहितका बालबालिकाहरुलाई खोप प्रदान गरिएको छ । जनकपुरधाममा सामुदायिक तथा संस्थागत विद्यालय गरी कुल १ सय ९८ वटा विद्यालय रहेको छ । स्वास्थ्य शाखाले अधिक बालबालिकाहरुको चाप यस क्षेत्रमा रहेको भन्दै सार्वजनिक विदाको दिन शनिबार पनि अभियानलाई निरन्तरता दिँदै सुपरमार्केट स्थलमा विशेष खोप केन्द्र संचालन गरेको थियो । जनकपुरधाम उपमहानगरपालिका-

जनकपुरधाममा शनिवार सम्म ५५हजारभन्दा बढी बालबालिकाले खोप लगाइ सकेका छन् । उपमहानगरपालिकामा ८८ हजारभन्दा बढी बालबालिका रहेका छन् ।

१४ स्थित मुजेलियामा भीडभाड हुने ठाउँ सुपरमार्केटलाई केन्द्रविन्दु बनाएर स्वास्थ्यकर्मीहरुले दादुरा-रुपेला खोपबाट कोही पनि नछुटुन् भन्ने उद्देश्यले विशेष खोप केन्द्र संचालन गरेको छ ।

देशव्यापी रुपमै फागुन १३ देखि ३० गतेसम्म दादुरा-रुबेला खोप अभियान सञ्चालन रहने स्वास्थ्य शाखा प्रमुख मिश्रले बताए ।

पहिला जति पटक लगाएको भए पनि यस अभियानमा अनिवार्य थप मात्रा दादुरा- रुबेला खोप लगाउनु पर्छ भनि निर्देशन आएकोमा सोही अनुसार नौ महिनादेखि १५ वर्ष उमेर समूहका बालबालिकाहरुलाई खोप अभियान मार्फत प्रदान भइरहेको जानकारी जनस्वास्थ्य अधिकृत दिलीपकुमार ईश्वरले जनाए ।

# मुलुकमा एमालेको आवश्यकता : पोखरेल



**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमालेका महासचिव शंकर पोखरेलले देशको विकास र समृद्धिका लागि एमाले नेतृत्वको सरकार आवश्यक रहेको बताएका छन् ।

धनुषाको हँसपुर नगरपालिकामा आयोजना गरिएको बृहत जनसभा तथा पार्टी प्रवेश कार्यक्रममा बोल्दै महासचिव पोखरेलले वर्तमान सरकारको कार्यकालमा देशमा विकासको कामकाज ठप्प भएको दाबी गर्दै विकास र समृद्धिको यात्रा रोकिएको र जनतामा निराशा छाएको समेत बताए ।

उनले नेपाली जनतामा छाएको निराशा, भ्रष्टाचारबाट मुक्ति र देशको विकास र समृद्धिका लागि देशमा बलियो राष्ट्रिय शक्तिको आवश्यकता रहेको उल्लेख गर्दै महासचिव पोखरेलले सोही कारण एमालले मिसन २०८४ ल्याएको बताए ।

महासचिव पोखरेलले मिसन २०८४ अन्तर्गत एमालेलाई राष्ट्रकै बलियो पार्टी बनाएर प्रत्येक प्रदेशमा समेत एमालेको नेतृत्वमा सरकारको विकल्प नरहेको बताए ।

उनले विशेष गरी तराई मधेशको विकासको सवालमा भारत सरकार बाधक रहेको आरोप लगाए । उनले मुलुकको विकासका लागि भारत सरकारले आफ्नो अग्रसरता देखाए पनि काम भने सुस्तगतिमा हुने गरेको बताए ।

उनले हुलाकी सडक बनाउने जिम्मा पाएका भारत सरकारले काम नै नगरेपछि अन्ततः केपी शर्मा ओली प्रधानमन्त्री भएको बेलामा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटघाटको क्रममा हुलाकी सडक निर्माण योजना फिर्ता लिएर निर्माण कार्यलाई रफ्तार दिएको स्मरण गरे ।

उनले तराई-मधेश क्षेत्रमा भारत सरकारले विकासको नाममा बेवास्ता गर्ने गरेकाले काम अधुरो नै रहँदा जनतामा नैराश्यता छाएको समेत बताए ।

एमाले हसपुर नगर कमिटीको आयोजनामा भएको सो कार्यक्रममा पूर्वमन्त्री जुलीकुमारी महतो, लिलानाथ श्रेष्ठ, एमालेका संसदीय दलका नेता सरोजकुमार यादव, संसदीय दलका प्रमुख सचेतक हरिनारायण महतो, केन्द्रीय सदस्यहरु सञ्जिवकुमार झा सुरज, उमाशंकर अरगरिया, सुमनराज प्याकुरेल, सविता यादव, एमाले धनुषाका अध्यक्ष राजकिशोर यादव, हँसपुर नगरका पूर्व उपमेयर रेणु झा, देवकृष्ण मण्डललगायतकाले विभिन्न पार्टी परित्याग गरी एमालेमा प्रवेश गरेका नवप्रवेशीहरुलाई स्वागत गरेका थिए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८